# कारागर ऐन, २०१९
# र
# कारागार नियमावली, २०२०

(कार्यालय प्रयोजनका लागी मात्र)

**प्रकाशन**

## कारागार व्यवस्थापन विभाग

कालिकास्थान, डिल्लीबजार, काठमाडौं
फोन: ४४४४५५२
फ्याक्स: ४४४४५५३

**हाम्रो भनाई**

कारागार व्यवस्थापन विभाग स्रोतसाधनको प्रयोग गरी कारागारहरुलाई सुधारगृहमा परिणत गर्न गराउन क्रियाशिल छ । कारागारको व्यवस्थापन र सञ्चालनका लागी कारागार ऐन र नियमावलीको व्यवस्था छ । कारागारको काममा सिलसिलामा आउने कानुनसम्बन्धी विभिन्न प्रश्न एंव जिज्ञासा निवारणका लागी कारागार व्यवस्थापन विभागले सम्बन्धित कानुनी प्रावधनलाई ककीकृत रुपमा उपलब्ध गराउन आवश्यक देख्यो । यसै आवश्यकताको परिपूर्तिमा यो करागार ऐन, २०१९ र कारागार नियमवली, २०२० नामको पुस्तिका प्रकाशनमा ल्याउन पाउँदा हामीलाई खुसी लागेको छ ।

यो सामग्री प्रकाशनार्थ साम्रगी संयोजनको कार्य बन्दी कानुन अभिमुख सेवा र कानुनी सहायताको क्षेत्रमा कार्यरत गैरसरकी संस्था न्याय तथा अधिकार वकालत मञ्च -अजर) नेपालले गरेको हो । यसका लागी अजर नेपाललाई विशेष धन्यवाद छ । प्रकाशनमा सहयोग गर्ने अन्य सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । कारागारप्रशासनसँग सम्बन्धितहरुले यस सामग्रीलाई अधिकाधिक उपयोग गर्न सकेमा मात्र यो प्रयास सार्थक हुन सक्छ । यसैले यसको प्रयोग र सदुपयोग गरौं ।

स्थानेश्वर देवकोटा
महा निर्देशक
कारागार व्यवस्थापन विभाग

**कारागार सम्बन्धी व्यवस्था गर्न बनेको ऐन**

प्रस्तावना : शान्ति र व्यवस्था कायम राख्न कारागरसम्बन्धी नेपाल कानुनुलाई शंसोधन र एकिकृत गर्न बान्छनीय भएकाले, श्री ५ महाराजधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट नेपालको संविधानको धारा ९३ अनुसार यो ऐन बनाइवक्सनेछ ।

१) संक्षिप्त नाम, विस्तार र प्रारम्भ :

१) यो ऐनको नाम "कारागार ऐन, २०१९" रहेकोछ ।

२) यो ऐन नेपाल राज्यभर विस्तृत हुनेछ ।

३) यो ऐन नेपाल सरकारले नेपाल राजपत्रमा प्रकाशित सूचनाद्धारा तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२) परिभाषा : विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

क) "अदालत" भन्नाले अदालतसरह न्यायिक काम गर्न अधिकारप्राप्त कमिशन, ट्राइब्युनल वा अड्डालाई समेत जनाउँदछ ।

ख) "कैदी" भन्नाले कुनै अदालतले फैसलाअन्तर्गत सजाय पाई कारागारमा रहेको व्यक्तिलाई जनाउँछ ।

ग) "थुनुवा भन्नाले अपराधको तहकिकात जाँचबुझ वा पुर्पुक्षका लागि अदालत, प्रहरी वा अन्य अधिकारीको हिरासतमा रहेको वा सार्वजनिक सुरक्षा ऐन, २०४६ अर्न्तगत थुनामा रहेको व्यक्तिलाई जनाउँदछ ।

घ) "कारागार" भन्नाले कैदी वा थनुवालाई कैद गर्नका निमित्त बनेको वा तोकिएको घर कोठा वा त्यस्तै अरु कुनै ठाउँ र त्यस्तो घर कोठा वा ठाउँको चर्चेको जग्गालाई समेत जनाउँदछ ।

ङ) "तोकीएको" वा "तोकिएबमोजिम" भन्नाले यस ऐनअर्न्तगत बनेको नियमद्धारा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

च) "जेलर" भन्नाले यस ऐनबमोजिम जेलरको काम गर्न नियुक्ति भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

छ) " कारागार कार्यालय" भन्नाले जेलरको कार्यालय सम्झनु पर्दछ ।

ज) " अस्पताल" भन्नाले सरकारीया अस्पताल, डिस्पेन्सरी वा औषधालयलाई जनाउँदछ ।

झ) "सामुदायीक सेवा" भन्नाले विद्यालय, अस्पताल, स्थानीय निकाय, देवालय, वृद्धाश्रम, अनाथालयलगायत यस्तै प्रकृतिका अन्य निकाय तथा सामाजिक संघसंस्थामा गरिने सेवा सम्झनुपर्दछ ।

ञ) "खुला कारागार" भन्नाले कैदीले तोकिएको समयमा आफूलाई राखिएको ठाउँभन्दा बाहिरसमेत गई कुनै काम गर्न पाउने गरी तयस्तो कैदी राख्नको लागि नेपाल सरकारले तोकेको कुनै ठाउँ सझनुपर्दछ ।

३) थुनुवा वा कैदी पुर्जी :

१) कुनै व्यक्तिलाई कुनै  अपराधको तहकिकात जाँचबुझ वा पुर्पुक्षका लागी थुनामा राख्नु भएमा निजलाई प्रचलित नेपाल कानुनवमोजिमको थुनुवा पुर्जी दिई अन्य अधिकारीको नियन्त्रणको कारागारमा राख्नु पर्ने भए सम्बन्धित कारागार फैसलाबमोजिमको जनाउ दिनुपर्छ ।

२) कुनै अदालतको फैसालाबमोजि कुनै व्यक्तिलाई कैद गनुपर्दा निजले कुन कानुनअर्न्तगत के अपराध गरे वापत के कति सजाय हुने फैसलामा कुन मितिदेखि कुन मितिसम्म कैद हुने भएकोछ सो सबै खोली कैद ठेकी मुद्दा फैसला भएको तीन दिनभित्र कैदी पुर्जी दिई सो कुराहरु र निजको वतन, वर्ष, र हुलिया समेत खोली कारागार कार्यालयका नाउँमा पुर्जी लेखी कारागार पठाई दिनुपर्छ ।

३) थुनिने वा कैद पर्ने कुनै व्यक्तिको उपदफा (१) वा (२) बमोजिम दिइएको पुर्जी बुझी नलिएमा सो बुझी नलिएको व्यहोरा जनाइ नजिकको एक अडडामा हाकिमको सोही पुर्जीमा साक्षी सही गराई राख्नुपर्छ ।

४) थुनुवा वा कैदी बुझिलिने :

१) प्रचलित नेपाल कानुनबमोजिम रीत पुऱ्याई थुन्न वा कैद गर्न पठाइएको व्यक्तिलाई कारागार कार्यालयले बुझिलिई प्रचलित नेपाल कानुनबमोजिम थुनामा वा कैदमा राख्नुपर्छ ।

२) प्रचलित नेपाल कानूनबमोजिमको रीत नपुर्‍याई कुनै व्यक्तिलाई थुन्न वा केद गर्न पठाइएकोमा कारागार कार्यालयले बुझिलिने पुर्जीबमाजिम निजलाई थुना वा कैदमा राखी रीत नपुगेको कुराहरु खोली रीत पुर्‍याउनका लागी सम्बन्धीत अधिकारीसमक्ष लेखी पठाउनुपर्छ ।

५) थुनुवा वा केदीको तलासी लिने :

१) कुनै थुनुवा वा कैदीलाई कारागारभित्र प्रवेश गराउँदा निजको तलासी लिनुपर्छ र कुनै हतियार वा निषिद्ध वस्तु फेला परेमा सो कब्जा गनुपर्छ ।
२) प्रचलित नेपाल कानुनबमोजिम थुनुवा कारागार भित्र लैजान पाउने वा निजको उपयोगको निमित्त कारागारभित्र पठाउन हुने निजको दैनिक व्यवहारको निमित्त कारागारभित्र पठाउन हुने निजको दैनिक व्यवहारको निमित्त चाहिने भन्दा बढ्दा मातसामानहरु थुनुवा वा कैदीलाई आवशयक भएको वखत दिने गरी जेलरको जिम्मा राख्नुपर्छ ।

६) थुनुवा वा कैदीलाई राख्नु व्यवस्थाः
१ थुनुवा कैदीलाई थुन्दा वा कैद राख्दा देहायबमोजिम राखिनेछः-
क) लोग्नेमानिस र स्वास्नीमानिस छुट्याई पाएसम्म छुट्टाछुट्टै घरमा र सो नभए एउटै घरमा राख्नुपर्ने भएमा परस्पर भेटघाट वा कुराकानी गर्न नपाउने गरी सो घरमा भिन्दाभिन्दै भागमा,
ख) थुनुवा वा कैदी एउटै कारागारमा राख्ने व्यवस्था भएकोमा खण्ड -क) का अधिनमा रही थुनुवा वा कैदी छुट्याई एथासम्भब छुट्टाछुट्टै भागमा,
ग) खण्ड -क) र (ख) का अधिनमा रही एक्काईस वर्षमुनिको र एक्काईस वर्षमाथिको कैदी वा थुनुवालाई छुट्याई यथासम्भव भिन्दाभिन्दै भागमा,
घ) खण्ड -क) र (ग) का अधिनमा रही देवानी मुद्दा र फौजदारी मुद्दाका कैदीलाई छेट्याई यथासम्भव भिन्दा भिन्दै भागमा ,
ङ) रागी थुनुवा वा कैदीलाई छुट्याई यथासम्भब भिन्दै भागमा,
च) पागल र अर्धपागल थुनुवा वा कैदीलाई छुट्याई यथासम्भव भिन्दै भागमा ,

२) फौज्दारी मुद्दामा सजाय पाएका कैदीलाई आवश्यकतानुसार एक्लै भिन्दै कोठामा राख्न हुन्छ,

७) नेल हतगडी नलगाइने :
कैदबाट भागी पक्राउ परेको वा कैदबाट भाग्ने उद्योग गर्ने वा दफा २२ को उपदफा (२) बमोजिमको कुनै कामकुरा गर्ने कैदीबाहेक अन्य थुनुवा वा कैदीलाई कारागारभित्र नेल वा हतकडी लगाइने छैन ।

८) कारागारमा नावालकको हेरचाहः
१) थुनिए वा कैद परेकी स्वास्नीमानिसको कारागारभित्र छोरा छोरी रहेछ भने बाहिर हेरविचार गर्ने वारिसवाला भए पनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागारभित्रै राख्न हुन्छ । त्यस्ता नाबालक दुई पर्ष पुगेपछि आवश्यक भएमा वाहेक, निजलाई वारिसजालाको जिम्मा  लगाई दिनु पर्छ ।

२) कुनै थुनुवा वा कैदीको निजले लालनपालन गनुपर्ने नाबालक रहेछ र त्यस्तो नाबालकको लालनपालन गर्ने अरु कोही रहेनछ भने निज थुनामा वा कैदमा रहुन्जेल त्यसतो नाबालकको सम्पूर्ण हेरविचार, शिक्षा दीक्षा र लालनपालन तोकिएबमोजि नेपाल सरकारको खर्चमा गरिनेछ ।

३) बाह्रपर्ष ननाघेको कुनै नाबालक थुनिए वा कैद परेमा निजको हेरविचार गर्न निजको आमा, बाबु र अरु नातादार कारागारभित्र बस्न चाहेमा पनि बस्न दिइने छैन ।

९) थुनुवा वा कैदीहरुको सिधा खर्च र लुगा सम्बन्धी व्यवस्थाः
कारागारमा थुनिएका वा कैद परेका थुनुवा वा कैदीहरु र त्यस्ता थुनुवा र कैदीहरुको दफा (८) को उपदफा (१) र (२) मा उल्लेख भएका नाबालक छोराछोरलाई तोकिएबमोजिम सिधा खर्च र लुगा दिइनेछ। तर-
क) कैद नठेकिई एक वर्षसम्म वा सोभन्दा बढी थुनामा रहेको थुनुवालाई लुगा दिइनेछ।
ख) कुनै थुनुवा वा कैदीले आफ्नो सिधा र लुगाको व्यवस्था आफनै खर्चम ागर्न चाहेमा तोकिएबमोजिम निजलाई त्यस्तो व्यवस्थ ागर्न दिईनेछ।

१०) थुनुवा वा कैदीहरुलाई काममा लगाउने :
प्रचलित नेपाल कानुनमा अन्यथा लेखिएकोमा बाहेक कुनै थुनुवा वा कैदीलाई निजको इच्छाविरुद्ध कुनै काममा लगाइने छैन। तर नेपाल सरकारले थुनुवा र कैदीहरुको स्वास्थ्य, आर्थिक उन्नती वा सुधारको निमित्त आवश्यक ठानेमा कुनै थुनुवा वा कैदीलाई कुनै काममा लगाउने व्यवस्थ ागर्न सक्नेछ।

क) सामुदायिक सेवामा पठाउन सक्नेः
१) यस ऐन वा प्रचलित नेपाल कानुनमा जुनसुनकै कुरा लेखिएको भए तापनि कुनै मुद्दामा तीन वर्षसम्म कैद सजाय हुने ठहरिएका कसुरहरुलाई मुद्दा हेर्ने अधिकारीले सामुदायिक सेवामा पठाउन सक्नेछ। तर, प्रचलित नेपाल कानुनबमोजिम स्थापना वा गठन भएको अदालबाहेक मुद्दा हेर्ने अन्य अधिकारीले उपदफा (१) बमोजिम कसुरहरूाई सामुदायिक सेवामा पठाउँदा सम्बन्धित जिल्ला अदालतको अनुमति लिनुपर्दछ।
२) सामुदायिक सेवामा पठाइएको कसुरदारले तयस्तो सेवा गरेबापत कुनै पारिश्रमिक तथा सुविधा पाउने छैन।

३) सामादायिक सेवामा रहेको कुनै कसुरदारले आफूलाई ठेकिएको काम नगरेमा त्यस्तो कसुरदारलाई सम्बन्धित जिल्ला अदालतको अनुमति लिई बाँकी कैद भुक्तान गर्न कारागारमै पठाउन सकिनेछ।

४) सामुदायिक सेवासम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

ख) खुला कारागारमा राख्न सक्नेः
१) यस ऐन वा प्रचलित नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि तीन वर्षभन्दा बढी कैद सजाय भई कम्तिमा एकतिहाई कैदको अवधि भुक्तान गरिसकेको कैदीलाई तोकिएको अधिकारीले खुला कारागारमा बस्ने अनुमति दिन सक्नेछ।
२) उपदफा (१) बमोजिम खुला कारागारमा बसेको अवधिलाई कैद भुक्तान गरेसरह मानिनेछ ,
३) उपदफा (१) बमोजिम खुला कारागारमा बस्ने कैदीले यस ऐनबमोजिम पाउने, सिधा, लुगा तथा औषधिउपचार खर्च पाउने छैन।
४) खुला कारागारसम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

ग) सामुदायिक सेवा वा खुला कारागारमा नपठाइने :
दफा १० क र १० ख मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मुद्दामा कसुरदार ठहरिएकालाई सामुदायिक सेवा वा खुला कारागारमा पठाइने छैनः
क) मनवबेचविखन तथा ओसारपसार (नियन्त्रण),
ख) जबरजस्ती करणी,
ग) कैदबाट भागे/भगाएको
घ) भन्सार चोरी, निकासी-पैठारी,
ङ) लागू ओषधीको कारोबार,
च) भ्रष्टाचारसम्बन्धी,
ज) जासुसरुसम्बन्धी ,
झ) पुरातात्विक बस्तुसम्बन्धी ।

११) स्वास्थ्य र उपचार :
१) मानसिक वा शारिरिक बिरामी परेका थुनुवा वा कैदीहरुलाई सरकारीय चिकित्सकहरुद्धारा उपचार गरनउनु पर्छ । तर कुनै थुनुवा वा कैदीले आफनो खर्च लगाई अरु कुनै चिकित्सकबाट उपचार गराउन चाहेमा तोकिएबमोजिम त्यस्तो गराउन अनुमति दिइनेछ ।
२) कुनै थुनुवा वा कैदी असाध्य बिरामी परी निजको राम्रो उपचारका लागी निजलाई अस्पतालमै राख्न आवश्यक छ भन्ने सरकारी चिकित्सकले ठहराई कारणसहित आफनो लिखित राय व्यक्त गरेमा त्यस्तो थुनुवा वा कैदीलाई नेल र हतगडी परेकोमा सोसमेत काटी तोकिएबमोजिम अस्पतालमा राखी औषधी गराउनुपर्छ ।
३) बिरामी परी सिकिस्त भएको कुनै थुनुवा वा कैदी बाच्ने नबाच्ने दोसाधँमा रहेको कुराको कारण सहितको राय सरकारी चिकित्सकले दिएमा त्यस्तो थुनुवा वा कैदीको हकवालाले निजलाई घाट लैजान चाहेमा निजको रोग निको भएमा पुनः कारागारमा फिर्ता ल्याउने व्यहोराको हाजिर जमानी कागज गराई त्यसरी थुनिएको ठाउँको नजिकको घाटमा लैजान दिइनेछ । थुनुवा वा कैदी जिम्मा लिई घाट लैजाने हकवालाले सम्बन्धित थुनुवा वा कैदी जिम्मा लिई घाट लैजाने हकवालाले सम्बन्धित थनुवा वा कैदीको स्वास्थ्यसम्बन्धी प्रतिवेदन लेखी प्रत्येक हप्ता सम्बन्धित थुनुवा वा कैदीको स्वास्थ्यसम्बन्धी प्रतिवेदन लेखी प्रत्येक हप्ता सम्बन्धित कारागारलाई दिनुपर्दछ ।
४) उपदफा (२) वा (३) अन्तर्गत अस्पताल वा घाट लगिएको थुनुवा ावा कैदीलाई निको भएमा निजलाई थुन्न नपर्ने भएकोमा वा निजको कैद म्याद भुक्तान भैसकेकोमा बाहेक निजलाई फेरी कारागारभित्र राखिनेछ .......................।

१२) थुनुवा वा कैदी स्वास्नीमानिस गर्भवती भएमाः
१) कुनै थुनुवा ावा कैदी स्वास्नीमानिस गर्भवती रहिछ भने राजगद्दी, राजपरिवारको गाथ वा राजकाजसम्बन्धी मुद्दाको वा दामल वा जन्म कैदको सजाय पाएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमारा बाहेक अरुको हकमा ६ महिनाको गर्भ पुगेपछि जमानी लिई छाडिदिनुपर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको बालक जन्मेको दुई महिना भएपछि थुन्न नपर्ने भएकोमा वा कैद म्याद भुक्तान भैसकेकोमा बाहेक फेरी कारागारभित्र राखिनेछ ।

२) उपदफा (१) बमोजिम कुनै गर्भवती स्वास्नीमानिस कारागारबाहिर रहेकोमा निज कारागारभित्रै रहेको सरह गरी निज बाहिर रहेको अवधि जति निजलाई हुने कैदको अवधिमा कट्टा गरिनेछ ।

१३) थुनुवा वा कैदीको मृत्यु भएमा गर्नेः
१) कुनै थुनुवा वा कैदीको मृत्यु भएमा सरकारी चिकित्सकलाई जंचाई निजले सो कुरा प्रमाणित गरेमा सो बेहोराको र मर्नेको जायजातको तायदाती मुचुल्का लेखी सो बखत पालोपहरामा परेको पाले सिपाही र थुनुवा कैदीहरुमा पाएसम्म चार जनामा नघटाई सो मुचुल्कामा साक्षी गराई मर्ने थुनुवा वा केदीको जायजात धरौटी स्याहामा आम्दानी बाँधी जुन अडडामा वा अदालतमार्फत थुनिए वा कैद भएको हो सो अडडा वा अदालतलाई र सो मर्ने थुनुवा वा केदीको हकवालालाई समेत जेलरले तोकिएबमोजिम सो कुराको जनाउ दिनुपर्छ ।
२) उपदफा (१) बमोजिमको जनाउ तामेल भएको मितिले बाटाका म्यादबाहेक पैंतिस दिनभित्र हकवालाले सो मर्ने थुनुवा वा कैदीको जायजात लिन अएमा तोकिएको रीत पुऱ्याई निजलाई सो जायजात दिनुपर्छ । सो म्यादभित्र कुनै हकवाला नआएमा सो जायजात लिलाम बिक्री गरी आएको नगद स्याहामा आम्दानी बाँधी सरकारी कोषमा दाखिल गनुपर्दछ ।
३) मरेको कुनै थुनुवा वा कैदीलाई निजको वारिसले उठाई लैजान चाहेमा अन्यथा गर्न आवश्यक भएमा बाहेक वा वारिसको जिम्मा लगाईदिनुपर्छ । सोबमोजिम  बारिसले उठाई नलगेमा वा कुनै वारिस नै नभएकोमा तोकिएबमोजिम कारवाही गर्नुपर्छ ।

१४) भेटघाट र पत्र व्यवहार :
१) कुनै थुनुवा वा कैदीले वा त्यस्तो थुनुवा वा कैदीसित अरु कुनै व्यक्तिले भेट वा पत्रव्यवहार गर्न चाहेमा, तोकिएको अवस्थामा बाहेक, भेट वा पत्रव्यवहार गर्न तोकिएबमोजिम दिइनेछ ।
तर, यस उपदफामा लेखिएको कुनै कुराले कुनै थनुवा वा कैदीको कानुनी सल्लाहाकारलाई त्यस्तो थुनुवा वा कैदीसित तोकिएबममोजि भेट गर्न बाधा पुऱ्याउने छैन ।

१५) थुनुवा वा कैदीलाई अडडा वा अदालतमा हाजिर गराउने :
१) कुनै मुद्दामामिलामा प्रमाण वा कुनै आवश्यक कुरा बुझ्नको लागी कुनै अडडा वा अदालतले कुनै थुनुवा वा कैदीलाई हाजिर गराउन आवश्यक भएमा देहायबमोजिम गनुपर्छ :
क) अदालतले सो कैदी वा थुनुवा थुनिए वा कैद परेको कारागार कार्यालयलाई सोझै पुर्जी गरी पठाउने,
ख) अरु अडड्ले भए सो थुनुवा वा कैदी जुन अडडा वा अदालतमार्फत थुनिए वा कैद परेको हो सो अडडा वा अदालतलाई पुर्जी लेखी पठाउने अडडामा हाजिर गराउनको निमित्त सम्बन्धित कारागार कार्यालयलाई पुर्जी लेखी पठाउने ।

२) उपदफा (१) को खण्ड -ख) बमोजिमको पुर्जी आएपछि सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद ठेक्ने अडडा वा अदालतले पनि सो पुर्जी बमोजिम त्यस्तो थुनुवा वा कैदीलाई पुर्जी लेखी पठाउने अडडामा हाजिर गराउनको निमित्त सम्बन्धित कारागार कार्यालयलाई पुर्जी लेखी पठाइदिनुपर्छ ।

३) उपदफा (१) को खण्ड -क) बमोजिम वा उपदफा (२) बमोजिमको पुर्जी पाएपछि जेलरले पनि त्यस्तो थुनुवा वा कैदीलाई तोकिएबमोजिम हाजिर गराउनुपर्छ ।

१६) कारागार प्रशासनसम्बन्धी व्यवस्था:
१) आफनो इलाकाभित्र कारागारको प्रशासन एव सोसम्बन्धि अन्य सबै व्यवस्थाको सामान्य रेखदेख गर्ने कर्तव्य सम्बन्धित प्रमुख जिल्ला अधिकारीको हुनेछ ।

२) प्रत्येक कारागारको निमित्त एकजना जेलर र निज मातहनका अन्य कर्मचारी नेपाल सरकारबाट ठेकएिको संख्यामा रहनेछन् ।

१७) जेलर र अन्य कर्मचारीको कर्तव्य:
१) जेलरको कर्तव्य देहायबमोजिको हुनेछ:-
क) कारागारको सबै मिसिल, किताब, कागजात एव मालसामानहरु र यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियमबमोजिम निजको जिम्मा लगाइएको. सबै चिज एंव मालसामानहरु सुरक्षित रुपले राख्ने,
ख) थुनुवा कैदी भाग्न नपाउने गरी पालेपहराको बन्दोवस्त गर्ने र त्यस्तो पालोपहरामा खटिएका व्यक्ति आफनो काममा कामकतर्व्य राम्रोसग पालन गरेको वा नगरेको कुराको रेखदेख गर्ने,
ग) यस ऐनको अन्य दफा वा यस ऐनअन्तर्गत बनेको नियम वा अन्य प्रचलित नेपाल कानुनमा लेखिए बमोजिको अरु कर्तव्यबो पालना गर्ने,

२) प्रत्येक जेलरले आफनो निमित्त सरकारी तवरबाट ठेकिएको ठाउँमा निवास गनुर्पछ र सम्बन्धित प्रमुख जिल्ला अधिकारकिो अनुमति नलिई साधारणयता राति कारागार छाडि अन्त कतै जान हुदैन ।

३) कारागार भित्र वा कारागारबाट वाहिर कुनै चिज वा मालसामान ल्याउनलैजान लाग्दा कारागारमा त्यस बखत पालोपहरामा रहेको पालेसिपाहीले जाँची शंका लागेमा व्यक्तिको तलासीसमेत लिनुपर्छ र कुनै निपिद्ध बस्तु ल्याउन वा लैजान लागेको वा कारागारको कुनै सम्पत्ति बाहिर लैजान लागेको फेला परेमा लजेलरलाई तुरुन्त सो कुराको सूचना दिनुपर्छ ।

४) कारागरको कुनै कर्मचारी जेलर वा सम्बन्धित प्रमुख जिल्ला अधिकारीको अनुमतिविना कारागारबाट अनुपस्थित रहन हुदैन ।

५) कारागारका कर्मचारीको अन्य कर्तव्य तोकिएबमोजिम हुनेछ ।

१८) म्यादभन्दा बढी थुन्न कैद गर्न नहुने :
१) म्याद तोकिई थुनिए वा कैद परेका थुनुवा वा कैदीलाई सो म्याद पुगेपछि र प्रचलित नेपल कानुन बमोजिम अधिकारप्राप्त अधिकारबाट छोड्न आदेश भै आएका थुनुवा कैदीलाई सो आदेशबमोजिम चौबीस घण्टाभित्र जेलरले थुना वा कैदवाट मुक्त गरिदिनुपर्छ ।

२) पुर्पक्षलाई थुनिएको थुनुवाका सम्बन्धमा निज कारागारभित्र थुनिएको ६ महिनासम्ममा पनि कैद म्याद ठेकिएको रहनेछ वा निजलाई थुनाबाट मुक्त गर्ने आदेश आएको रहेनछ भने सो ६ महिना नाघेका तीन दिनभित्र जेलरले सो सम्बन्धित सबै कुरा खोली त्यस्तो थुनुवालाई थुन्न आदेश दिने अदालतको पुनरावेदन सुन्ने अदालतमा प्रतिवेदन गनुपर्छ ।

३) कुनै थुनुवा वा कैदीलाई छाड्नु पर्ने गरी फैसाला वा आदेश भएकोमा त्यसको सूचना अविलम्ब सम्बन्धित कारागारलाई पठाईदिनुपर्छ ।

४) पुनरावेदन अदालतको मुख्य न्यायधीश वा न्यायाधीश वा न्यायधीशले पुनरावेदन अदालतको प्रादेशिक अधिकार क्षेत्र भित्रको कारागारको वर्षमा कम्तीमा एक पटक निरीक्षण गर्नुपर्दछ र त्यसरी निरीक्षण गर्दा कुनै व्यक्ति ठेकिएको कैदभन्दा बढी अवधि कैदमा रहेको वा प्रचलित कानुनले थुन्न पाउनेभन्दा बढी अवधि थुनामा परेको देखेमा त्यस्तो आदेश भएकोमा त्यसको पालना गर्न सम्बन्धित जेलरले कर्तव्य हुनेछ । पुनरावेदन अदालतको मुख्य न्यायधिश वा न्यायधीशले कुनै कैदी वा थुनुवालाई तुरुन्त छाडिदिने आदेश दिएकोमा र कारागार निरीक्षण गर्दा यस येन बमोजिम नभएको वा नगरेको अन्य कुरा देखेमा सो कुरासमेत खलाई सर्वोच अदालत र नेपाल सरकार गृह मन्त्रालयमा प्रतिवेद पठाउनु पर्नेछ ।

५) कुनै कर्मचारीको हेलचक्राईबाट कुनै थुनुवा वा कैदी प्रचलित कानुनबमोजिम भन्दा बढी समयसम्म थुना वा कैदमा रहेको देखिएमा वा यस ऐनबमोजिम नभएको वा नगरेको अन्य कुनै कुरा देखिएमा त्यस्तो कर्मचारीउपर विभागीय कारावारी सजाय हुनेछ ।

१९) कारागारको जाँचः

१) प्रत्येक प्रमुख जिल्ला अधिकारीले आफैं वा आफूमुनिका असिस्टन्ट पठाउनेछ । ६ महिनामा एक पटक र आवश्यक देखेमा जहिलेसुकै पनि आफनो मातहतमा रहेको काररको जाँच गनुपर्दछ ।

२)उपदफा (१) प्रमुख जिल्ला अधिकारीको वा असिस्टेन्टले देहायका कुराहरुको जाँच गर्नुपर्दछ :-

क) कैद म्याद ठेकीउको कैदीको म्याद पुगेको दिन रिहाई पाएको छ वा छैन ,

ख) प्रचलित नेपाल कानुनबमोजिम हुनु गर्नुपर्ने अरु कामकुरा सोबमोजि भए गरेको छ वा छैन

३) उपदफा (२) बमोजिमको कुरा जाँच्दा कुनै काम कुरा प्रचलित नेपाल कानुनको बर्खिलाप भए गरेको देखिएका दफा २० मा लेखिएकोमा सोहीबमोजिम र सो दफामा नलेखिएको कुरामा तोकिएबमोजिमको काम कारवाही गर्न गराउनुपर्छ ।

२०) कारागार जाँचपछि गनुपर्ने कारवाई : दफा १९ बमोजिम कारागार जाँच्ने प्रमुख जिल्ला अधिकारी वा असिस्टन्टले कारागारको जाँच गरेपछि देहायका कुरामा देहायबमोजिम गनुर्पछः-

क) थुनुवा वा केदी म्यादभन्दा बढी थुनिए वा कैद परेको देखिएमा त्यस्ता थुनुवा वा कैदीलाई तुरुन्त थुना वा कैदबाट मुक्त गरी सो थुनुवा वा कैदीलाई थुन्ने वा कैद गर्ने अडडा वा अदालतलाई सो कुराको सूचना दिने ।

ख) पुर्पक्षका लागी थुनिएको व्यक्तिको सम्बन्धमा जेलरले दफा १८ को उपदफा (२) बमोजिमको कारवाई नगरेकोमा सो गर्न लाउने ।

ग) कारागारमा कुनै कर्मचारीले आफनो कर्तव्य पालन नगरेको पा कर्तव्य पालनमा लापरबाही गरेको देखिएमा निजउपर मुद्दा वा अन्य कारवाई चलाउन पर्ने भएमा प्रचलित नेपाल कानुनबमोजिम त्यस्तो कारवाई आफैंले गर्ने र आफैंले गर्न नहुनेमा सो कुराको जनाउ सम्बन्धित अधिकारीलाई पठाउने ।

२१) थुनुवा वा कैदीले विन्तिपत्र, दरखास्त इत्यादि दिँदाको कार्य प्रणाली :
१) कुनै थुनुवा वा कैदीले मुद्दामामिलाका सम्बन्धमा कुनै अडडा वा अदालतमा दिनुपर्ने कुनै फिराद पत्र, प्रतिउत्तरपत्र, पुनरावेदनपत्र, बिन्तीपत्र, दरखास्त जनाउ इत्यादि सो अड्डा वा अदालतमा दाखित गर्नलाई आफू थुनिए वा कैद परेको कारागार कार्यालयमा दाखिल गरेमा सो कार्यालयले म्याद भित्रको भए निजको सहिछाप गराई प्रचलित नेपाल कानुनले दस्तुर लाग्नेमा दस्तुर समेत बुझिलिई त्यस्तो निस्सा दिई कागज दस्तूर दाखिल गरेको मितिसमेत लेखी जुन अडडा वा अदालतमा पठाउनुपर्ने हो सो अडडा वा अदालतमा चलानीसाथ तीन दिनभित्र पठाईदिनुपर्दछ ।
२) उपदफा (१) बमोजिक कारागार कार्यालयबाट चलान भै आएको कागजपत्र सम्बन्धित अडडा वा अदालतले बुझिलिई प्रचलित नेपाल कानुनबमोजिम गनुपर्छ ।
३) थुनुवा वा कैदीले आफू थुनिएको वा कैद परेको कारागारमा म्याद तारिखभित्रै उपदफा (१) मा लेखिएको कागज दस्तुर बुझाएकोमा म्याद तारिख जान सक्तैन ।

२२) कारागारसम्बन्धी अपराध:
१) कसैले यस ऐनअन्तर्गत बनेको नियमको बर्खिलाप कारागारभित्र वा कारागारबाट बाहिर कुनै चिज वा मालसामान ल्याएको वा लगेको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीलाई मनाही गरिएको कुनै चिज जा मालसामान दिए वा पुऱ्याएको वा सो गर्ने उद्योग गरेको वा कुनै थुनुवा वा कैदीसित पत्र व्यवहार गरेको वा कारागारका कुनै कर्मचारीले जानीजानी वा लापरबाही गरी सो कुराहरु हुन दिएको वा कुनै व्यक्तिले माथि लेखिएको कुनै अपराधको दुरुत्साहन दिएको ठहरेका त्यस्तो व्यक्ति वा कर्मचारीलाई ६ महिनासम्म कैद वा दुई सय रुपैँयासम्म जरिवाना वा दुवै हुन सक्तछ ।
२) कुनै थुनुवा वा कैदीले निम्न लिखित कुनै कामकुरा गरेमा निजलाई चेतावनी दिन वा असल चालचलन वापत दण्ड सजायबाट कुनै छुटको सहुलियतबाट बञ्चित गर्न वा पन्ध्र दिनमा नबढाई एकान्त ठाउँ वा कोठामा थुन्न वा स्वास्नीमानिस र रोगहिरुबाहेक अरु थुनुवा वा कैदीको हकमा एक महिनामा नबढाई पहिले नेल नपरेकोमा नेल ठोक्न, नेल परिसकेकोमा हतगडी हाल्न र नेलहतकडी परिसकेकोमा जञ्जरि हाल्न सकिनेछः
क) कुनै व्यक्तिउपर कुनै किसिकले अपराधिक बल प्रयोग गरेमा,
ख) कुनै व्यक्तिउपर अपमानजनक वा धम्कीपूर्ण भाषा प्रयोग गरेमा,
ग) अनैतिक वा अभद्र वा अनुशासनहिन आचरण गरेमा,
घ) विनाअधिकार नेल वा हतगडी खोले वा भाँचेमा
ङ) कारागारको कुनै सम्पती जानीजानी बिगारे, वा नासेमा
च) कुनै मिसिल वा कागजात नासे, बिगारे वा च्यातेमा,
छ) निषेध गरिएको कुनै चिज जा मालसामान लिए, राखे वा पठाएका,
ज) कुनै कर्मचारी वा थनुवा वा कैदीउपर जानीजानी झुठो अभियाग लाग्ने कुरा गरेमा,

झ) बिरामी भएको बाहना गरेमा,
ञ) आगलागी भएको वा कुनै षडयन्त्र गरिएको वा कुनै थुनुवा वा कैदी भागेको वा भाग्ने उद्योग गरेको वा कारागारको कर्मचारी वा कुनै थुनुवा वा कैदीउपर आक्रमण भएको वा हुने तयारी भैरहेको कुरा थाहा पाउनासाथ जाहेर नगरेमा वा जाहेर गर्न इन्कार गरेमा,
ट) कुनै कैदी वा थुनुवालाई भगाएमा वा भगाउने उद्योग गरेमा,
ठ) यस ऐन अन्तर्गत बनेको नियमको बर्खिलाप अन्य कुनै काम कुरा गराएमा ।

३) उपदफा (२) मा लेखिएको अपराधका सम्बन्धमा तोकिए बमोजिमको एउटा छुट्टै किताव राख्नुपर्दछ र सो दफाअन्तर्गत कुनै थुनुवा कैदीलाई कुनै सजाय भएकोमा सो कुरा सो कितावमा जनाई जेलरले आफनो दस्तखत गनुपर्दछ ।

२३) थुनुवा वा कैदीको चलानी :
थुनुवा वा कैदीलाई एक ठाउँबाट अर्को ठाउँमा चलान गर्दा तोकिए बमोजिम चलान गनुपदर्छ ।

२४) कैदी वा थुनुवा भागे वा भगाएका सजायः
१) थुनुवा वा कैदी बाहेक अरु कसैले थुनुवा वा कैदीलाई भगाएमा वा भगाउने उद्योग गरेमा निजलाई देहाय बमोजिमको सजाय हुनेछ :
(१)..................................

२) दामल वा जन्मकैदको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए १० वर्ष कैद,
३) अरु थुनुवा वा कैदी भगाएको भए घुस खाएकोमा सो घुसको बिगोबमोजिम जरिवानासमेत गरी दुई वर्षदेखि ६ वर्ष सम्म कैद ।

ख) खण्ड -क) मा लेखिएबाहेकका अन्य सरकारी कर्मचारीले घुस खाई वा मरमोलाहिजा गरी भगाएको रहेछ भने घुस खाएकोमा सो घुसको बिगोसमेत जफत गरी निजलाई :-
१) ................................
२) दामल वा अन्य कैदीको सजाय पाएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेको थुनुवा भगाएको भए ६ वर्ष कैद,
३) अरु थुनुवा वा कैदी भगाएको भए घुस खाएकोमा सो घुसको बिगो बमोजिम जरिवाना समेत गरी दुई वर्षदखि ६ वर्षसम्म कैद ।

ग) सम्बन्धित अडडा वा अदालतमा वा कारागारका कर्मचारीले खण्ड -क) मा लेखिएकाबमोजिम नगरी आफनो कर्तव्य पालनामा लापरबाही मात्र गरी भगाएको रहेछ भने निजलाई ६ महिनासम्म कैद वा दुई सय रुपैंयासम्म जरिवाना वा दुवै ।
घ) सरकारी कर्मचारीबाहेक अरु कसैले भगाएमा निजलाई :-

१)..................दामलको वा जन्म कैदको सजाय भएको कैदी वा त्यस्तो सजाय हुने अपराधको अभियोगको थुनुवा भगाएको भए पाँच वर्ष कैद,

२) अरु कैदी वा थुनुवा भगाएको भए दुई वर्षसम्म कैद वा पाँचसय रुपैयासम्म जरिवाना,
तर, यस खण्ड बमोजिम सजाय गर्दा भाग्ने थुनुवा वा कैदीलाई भएको वा हुनसक्ने बाँकी कैदको आधाभन्दा बढी हुने गरी सजाय गरिने छैन ।

ङ) कसैले कुनै थुनुवा वा कैदी भगाउने उद्योग गरेकोमा सो थुनुवा वा केदी भाग्न नपाउदै जाहेर भएकोमा ६ महिनासम्म कैद वा दुई सय रुपैयासम्म जरिवाना ।

२) उपदफा (१) को खण्ड -क), (ख) , (ग) मा लेखिएका व्यक्तिले कुनै थुनुवा वा कैदी भगाएकोमा बिगो समेत बुझ्न वा दिलाउन पर्ने रहेछ । भने सो भगाउने व्यक्तिबाट भरिभराउ गनुपर्दछ ।
३) कैद म्याद ठेकिएके कैदी भागेमा पक्रिएपछि निजलाई बाँकी कैदको डेढी बढाई सजाय हुनेछ
४) कुनै थुनुवा भागेमा मुद्दा फैसला भएपछि निजलाई भएको सजायमा निजले भाग्नुभन्दा अघि थुनामा बसेको अवधि कट्टा गरी बाँकी हुने सजायमा डेढी बढाई सजाय कायम गरी त्यसमा निज भाग्नुभन्दा अघि वा पछि थुनामा रहेका जम्मा अवघि कट्टा गरी बाँकी रहन आउने सजाय हुनेछ ।

५) उपदफा (३) वा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफाहरुबमोजिम डेढी बढाई सजाय कायम गर्दा भाग्ने थुनुवा वा कैदी जुन अपराधमा कैद परेको हो सो अपराधमा हुन सक्ने सजायको उपल्लो हदको सवाई बढी हुने गरी सजाय कायम गरिने छैन । उपल्लो हदको सवाई भन्दा बढी हुने गरी सजाय कायम गरिने छैन ।
६) उपदफा (३),(४) वा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो उपदफाहरुबमोजिम सजाय गर्दा बीस वर्षभन्दा बढी कैद हुने गरी सजाय गरिने् छैन ।

२५) कारागारका कर्मचारीले आफनो कर्तव्य पालन नगरेका सजाय:
जेलर वा कारागारका अरु कुनै कर्मचारीले यस एनेको वा यस ऐनअन्तर्गत बनोको नियमको वा अभिकराप्राप्त अधिकारीले दिएको आदेशको बर्खिलाप गरी आफनो कर्तव्य पालन नगरेमा वा जानीजानी आफनो कर्तव्य पालनामा लापरबाही देखएमा वा अनुमति नलिई आफनो काम छाडी कतै गएको वा गयल परेको देखिएमा निजलाई यस ऐनका अन्य दफामा कुनै खास कुराका सम्बन्धमा खास सजाय तोकिएकोमा सोहीबमोजिम र सोबमोजिम नतोकिएकोमा अवस्थानुसार तीन महिनासम्म कैद वा दुई सय रुपैयासम्म जरिवाना वा दुवै हुनेछ ।

२६) यो ऐनअन्तर्गतको मुद्दामामिला चलाउने र हेर्ने अधिकार:
१) प्रचलित अन्य नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि थुनुवा कैदी भागे भगाएको वा दफा २२ को उपदफा (१) अन्तर्गको मुद्दामामिला हेरी किनारा गर्नै अधिकार जुन इलाकाको करागरको कैदी वा थुनुवा हो सोही इलाकाको जिल्ला अदालतलाई हुनेछ ।
२) दफा २२ को उपदफा (२) अन्तगर्तको अपराधको ठाडो जाँचबुझ गरी सजाय गर्ने अधिकार सम्बन्धित जेलरलाई हुनेछ र निजले यस उपदफाअन्र्तगत दिएको कुनै आदेश उपर पुनरावेदन लाग्ने छैन ।

तर, यस उपदफाअर्न्तगत जेलरले कुनै थुनुवा वा कैदीलाई सजाय गरेकोमा त्यस्तो सूचना सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई दिनुपर्छ ।

३) प्रचलित अन्य नेपाल कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २५ अन्तर्गतको अपराध सम्बन्धी मुद्दामामिला हेरी किनारा गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारलाई हुनेछ ।

४) दफा २२ को उपदफा (१) दफा २४ र दफा २५ अन्तर्गतको अपराधको तहकिकात गरी मुद्दा चलाउने कर्तव्य सम्बन्धित जेलरको हुनेछ र सोबमोजिम तहकिकात गर्दा कसुरमा मुछिएको व्यक्तिलार्य गिरफ्तार गर्ने कुनै व्यक्ति वा स्थानको तलासी लिने अभियुक्तलाई वयान गराउने सरजमिन मुचुल्का तयार गर्ने समेत प्रचलित नेपाल कानुनले प्रहरीले पाएसरहको सबै अधिकार जेलरलाई हुनेछ र त्यस्तो तहकिकात गर्दा पहिलेदेखि थुना वा केदम रहेकाबाहेक अभियुक्तलाई तारिखमा राख्ने वा जमानीमा छाड्ने बारे अदालतलाई भएसरहका अधिकार पनि आवश्यकताअनुसार जेलरलाई हुनेछ ।

५) उपदफा (४) अन्तर्गत जेलरले गिरफ्तार गरेको व्यक्तिमध्ये पहिलेदेखि थुना वा कैदमा रहेका व्यक्ति बाहेका अरुलाई बाटामा म्यादबाहेक चौविस घण्टाभन्दा बढी हिरासतमा राख्नु पर्ने भएमा जेलरले मुद्दा हेर्ने अधिकारीको अनुमति लिई बढीमा सात दिनसम्म थप हिरासतमा राख्न हुन्छ ।

२७) नियम बनाउने अधिकार:

१) नेपाल सरकारले यस ऐनको उद्देश्य कार्यान्वित गर्न नियमहरु बनाउन सक्नेछ ।

२) उपदफा (१) ले दिएको अधिकारको सर्वमान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी ती नियमहरुद्धारा खास गरी देहायका कुराको व्यवस्थ ागर्न सकिनेछ :-

क) थुनुवा र कैदीहरको कारागारभित्र प्रवेश नियन्त्रण एंव छुटकारा,

ख) थुनुवा र कैदीहरुको वर्गीकरण ,

ग) थुनुवा र कैदीहरुको सरकारी खर्चबाट दिइने लुगा, सिधासहित अन्य सुविधाहरु ,

घ) थुनुवा र कैदीहरुले दिएको निवेदनपत्र, दरखास्त, उजुरी प्रतिउत्तरपत्र वा पुनरावेदनपत्र सम्बन्धित अडडा वा अदालतमा चलान गरी पठउने व्यवस्था ,

ङ) थुनुवा र कैदीहरुले वा निजहरुसित अरुले भेटघाट वा पत्र व्यवस्थ ागर्ने व्यवस्था ,

च) थुनुवा र कैदीहरुको चालचलनको रेकर्ड राख्ने, असल चालचलन भएकाको सजाय छोट्याउने व्यवस्था एंव अधिकार,

छ) थुनुवा र कैदीहरुको शिक्षा, स्वास्थ्य सदाचार एंव आर्थिक हितसम्बन्धि व्यवस्थाहरु ,

ज) थुनुवा वा कैदी भाग्न लागेको वा कारागारभित्र उपदैव वा अशान्ति गरेको अवस्थामा निजहरु उपर हातहतियारको प्रयोग गर्नै व्यवस्था,

झ) कारागारभित्र वा कारागारबाहिर कुनै मालसामान ल्याउन लैजान निषेध गर्ने व्यवस्था,

ञ) थुनुवा वा कैदीलाई चलान गर्दा वा ल्याउँदा लैजादा गनुपर्ने ज्यवस्था एवं कारवाई ,

ट) प्रमुख जिल्ला अधिकारी वा निजको असिस्टेन्टले कारागरको जाँच गर्दा वा गरिसकेपछि गनुपर्ने व्यवस्था एंव कारवाई ,

ठ) जेलरले दफा २२ को उपदफा (२) अन्तर्गत कुनै थुनवा वा कैदीलाई सजाय गर्दा अपनाउनु पर्ने कार्य प्रणाली एंव त्यस सम्बन्धमा राख्नु पर्ने किताब बारे,

ड) असाध्य बिरामी परी वा अरु कुनै कारणले कुनै थुनुवा वा कैदीलाई छाड्नु पर्ने अवस्थामा गनुपर्ने कारवाई ।

२८) खारजी :

देहायका प्रचलित नेपाल कानुन खारेजी गरिएको छ : -

क) मुलुकी ऐन खोर झेलखानाको महल,

ख) खोर झेलखाना विषय भएको गैह्र सावल सनद,

ग) मुलुकी ऐन अदालती बन्दोबस्तको महल ५१ नम्बर ।

केही नेपाल ऐन संशोधन गर्ने, ऐन २०४८ द्धारा संशोधित ।

द्रष्टव्यः- नेपाल कानुन (संशोधन) ऐन, २०४८ द्धारा रुपान्तर भउका शव्दहरु :-

क) जेल को सट्टा कारागार

ख) गजेट को सट्टा राजपत्र

ग) अफीस को सट्टा कार्यालय

घ) रिपोर्ट को सट्टा प्रतिवेदन

ङ) पुलीस को सट्टा प्रहरी

२) स्थानीय प्रशासन ऐन, २०२२ द्धारा रुपान्तर भएका शब्दहरु :-

क) बडाहाकिम वा मेजिष्ट्रट को सट्टा अञ्चलाधीश

ख) गढी गौंडा वा गोश्वारा को सट्टा अञ्चालाधीश कार्यालय ।

कारागार नियमावली २०२०

| संशोधन | नेपाल राजपत्रमा प्रकाशित मिति |
|---|---|
| कारागार नियमावली २०२० | २०२०/९/१ |
| कारागार (प्रथम संशोधन) नियमावली, २०२२ | ०२२/६/११ |
| कारागार (दोस्रो संशोधन) नियमावली , २०३६ | २०२४/१०/१ |
| कारागार (तेस्रो संशोधन) नियमावली, २०३६ | २०३६/३/१८ |
| कारागार (चौथो संशोधन) नियमावली, २०४२ | २०४२/५/२४ |
| कारागार (पाँचौ संशोधन) नियमावली, २०४२ | २०४२/९/१ |
| कारागार (छैाटौं संशोधन) नियमावली २०४३ | २०४३/९/१ |
| कारागार (सातौं संशोधन) नियमावली २०५१ | २०५१/१२/२७ |
| कारागार (आठौ सशोधन) नियमावली २०५८ | २०५८/६/१ |
| कारागार नवौं संशोधन ) नियमावली २०६० | २०६०/४/१९ |
| कारागार (दशौं संशोधन ) नियमावली २०६१, | २०६१/१२/७ |
| कारागार (एघारौं संशोधन) नियमावली, २०६३ | २०६३/९/२ |
| कारागार (बाह्रौं संशोधन) नियमावली, २०६४ | २०६४/११/६ |

कारागार ऐन २०१९, को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको नियमाहरु बनाएको छ ।

परिच्छेद - १

प्रारम्भिक

१) संक्षिप्त नाम र प्रारम्भः

१) यी नियमहरुको नाम कारागार नियमावली, २०२० रहेको छ ।

२) यो नियमावली २०२० साल भाद्र १ गतेदेखि प्रारम्भ हुनेछ ।

२) परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

क) ऐन भन्नाले कारागार ऐन सम्झनु पर्छ ।

ख) छानविन तथा अनुसन्धान केन्द्र भन्नाले अपराधको तहकिकात, जाँचबुझ

ग) पुर्पक्षको सिलसिलामा थुनुवालाई राखिएको घर वा स्थान सम्झनुपर्छ ।

परिच्छेद - २

थुनुवा वा कैदीलाई राख्ने र छाड्ने

३. व्यवस्था :

१) नेपाल सरकारले चाहिएको ठाउँमा एउटा कारागारको व्यवस्थ ागर्नेछ । यस्तो कारागारमा सो जिल्ला भरका कैदी थुनुवाहरु राखिनेछन् । नेपाल सरकारले सामान्य आदेशद्धारा तोकिदिएका अवस्थामा अन्य जिल्लाहरको कैदी वा थुनुवा पनि रहन सक्दछ ।

२) नेपाल सरकारले आवश्यक देखेको ठाउँमा कारागारको अतिरिक्त छानविन तथा अनुसन्धान केन्द्रमा साधारणतः केवल थुनुवालाई मात्र राखिनेछ ।

४. कारागार कार्यालयले बुझिलिनेः

१) प्रत्येक जिल्ला कारागार कायालयले सो जिल्ला भित्रका निम्नलिखित प्रकारका अडडाले पठाएको कैदी वा थुनुवालाई बुझी लिनुपर्दछ ।

क) जिल्लास्थित अदालतहरबाट,

ख) जिल्लास्थित प्रमुख जिल्ला अधिकारीबाट,

ग) प्रचलित कानुनबमोजिम थुनी कारवाही गर्न नपाउने वा कैद हुने गरी सजाय तोक्न पाउने अधिकारप्राप्त अडडाहरुबाट,

तर-

१) इजाजउपचारको निमित्त वा अन्य कारणबाट नेपाल सरकारको सामान्य आदेशद्धारा झिकाइएमा वा अनुमति दिइएमा अन्य जिल्लाबाट आएका कैदी थुनुवाहरु पनि राखिनेछन ।

२) काठमाडौ उपत्याकाको कारागार र छानविन तथा अनुसन्धान केन्द्रमा बागमाती अञ्चलभित्रका माथिका खण्डहरुको उल्लिखित अडडा अदालबहरुबाट पठाइएका कैदी थुनुवाहरु राखिनेछन ।

२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि सदर कारागारमा नेपाल राज्यभित्रको कुनै पनि कारागारबाट आएका, अन्य सेण्ट्रल कारागारहरुमा सो कारागारको क्षेत्रभित्रको कुनै पनि कारागारबाट कुनै पनि आएका तथा जिल्लका कारागारहरुमा सो कारागारको क्षेत्रभित्रको कुनै पनि कारागारबाट आएका कैदीलाई राखिनेछ ।

३) थुन्न वा कैद गर्न पठाउँदा प्रचलित कानुनबमोजिम रीत पुर्‍याउनु पर्ने् रीतका अतिरित्त निम्न लिखित कुरा पनि खुलाई पठाउनु पर्दछ र नखुलेमा सो खुलाई लिन प्रत्येक कारागार कार्यालयको कर्तव्इ हुनेछ ।

क) अदालत, प्रमुख जिल्ला अधिकारीबाहेक अनय अडडाको निमित्त कुनै व्यक्तिलाई थुनी कारवाही गर्न पाउने अधिकार दिने कानुनको नाम र दफा,

ख) थुनुवा कैदकिो निजकको हकदार,

ग) सिधा दिइने श्रेणी,

घ) कानुनबमोजिम कैद हुने वा रुपैँया तिर्न नसकेबापत थुनिएको के हो ?

ङ) जिम्मा लिई आउने व्यक्तिको दर्जा नाम थर

च) थुनुवा पुर्जी दिइएको नदिएको ।

५. गोलघरमा राख्नेः देहायबमोजिमको कैदीलाई देहायको अवधिसम्म गोलघरको व्यवस्था भएको कारागारमा गोलघरमा राख्नुपर्दछ : -

क)......................................

ख) नेपाल सरकारबाट गोलघरमा राख्ने गरी आदेश दिइएका थुनवा वा कैदीलाई सोही आदेशमा उल्लिखित अवधिसम्म,

ग) देहायका कसुर गर्ने कैदी वा थुनुवालाई देहायको अवधिसम्मः-

१) कारागारबाट सुरुङ खनी भागी पक्राउ भै आएकोलाई १ वर्षसम्म -

२) पर्खाल वा गोरो फोडी भागी पक्राउ भै आएकालाई ६ महिनासम्मः-

३) पर्खाल नाघी भागी पक्राउ भएकालाई ३ (तीन) महिनासम्म

घ) खण्ड -ग) मा उल्खेीत कसुरको उद्योग गर्नेलाई तयस्तो कसुर गरेबापतको अवधिको आधिसम्म ।

ङ) कारागारभित्र ५ वा ५ जनाभन्दा बढीको जमात भई हुलङ्गा गरी भाग्न खोज्ने प्रतयेकलाई ६ महिनासम्म,

च) पाँच जनाभन्दा घटी भई हुलदङ्गा गरी जमात बाँधी भाग्न खोज्ने प्रत्येकलाई १ महिनासम्म,

छ) कारागारभित्र बदमासी गर्ने चोरी गर्नेलाई जेलरलदे तजबजले पाँच दिनदेखि १ महिनासम्म ।

तर गोलघरमा राख्ने पर्ने कैदीलाई गोलघरमा राख्दा ठेकीएको कैदमयादभन्दा बढी पर्ने गरी गोलघरमा राख्न हुदैन । कैद बाँकी भए जति मात्र राख्नु पर्छ ।

६) बदमासी गरेवापत गोलघरमा राखिने कैदीको जनाउ दिनेः सुरुदेखी गोलघरमा रही कैद भुत्तान गनुपर्ने कैदीबाहेक बदमासी गरेबापत गोलघरमा राखिने कैदहिरु गोलघरमा राख्नासाथ कसुर खोली सम्बन्धित प्रंमुख जिल्ला अधिकारीलाई जनाउ दिनुपर्दछ र शंका देखिएमा सो अडडा तुरुन्त जाँच गर्न सक्नेछ ।

७) थुनुवा वा कैदीको अभिलेख राख्नुपर्नै :

१) कारागर कार्यालयले नियम ४ को उपनियम (१) बमोजिम अडडा अदालतले पठाएको थुनुवा वा कैदीको तस्विर र औंको छापसमेत लिई त्यस्तो थुनुवा वा कैदकिो अभिलेख अनुसूची-१ बमोजिमको गलत फारामामा भरी पानैपिन्छे जेलर र फाँटवालाले सही गरी राख्नु पर्नछ ।

२) कुनै थुनुवा वा कैदी म्याद पुगी वा रुपैँया तिरी वा माफी मिन्हा पाई थुना वा कैदबाट छुटेमा वा मरेमा वा भागेमा समेत लगलफारमाम सोही व्यहोरा जनाई गलत कट्टा गरी जेलर र फाँटवालाले सही गरी राख्नुपर्दछ । म्याद पुगी छुटी गएकोमा बाहेक अन्य अवस्थामा लगत कट्टा भएकोमा सो कुराको सूचना थुन्ने अडडा अदालतलाई दिनुपर्नेछ ।

८. नजरबन्दी र थुनुवाको धरौटी किताबमा लेख्ने :
सजाय नतोकी नजरबन्दी वा खाली थुनमा रहने थुनुवा चलानीसाथ बुझाउन ल्याएमा अनूसूची २ को ढाँचा बमोजिमको धरौटीकिताबमा बुझाउन ल्याउनेको सहिछापसमेत गराई राख्नुपर्दछ ।

९. भरपाई दिने :
कारागार कार्यालयले आफूसँग बुझाउन ल्याएको थुनुवा वा कैदी बुझी जेलर र फाँटवालाको सहिछाप परेको रीतपूवकको भरर्पा थुन्ने अडडालाई दिनुपर्छ ।

१०. हाजिर गर्ने:
कारागार कार्यालयको लगत र धरौटी किताब बमोजिमको थुनुवा वा कैदीको नाम र नम्बर पुकारी रोजरोजै हाजिर गर्नेले सहिछाप गरी राख्नुपर्दछ ।

११.थुनुवा वा कैदीको लगत पेश गर्ने:
नेपाल सरकारले सूचना गरेको उत्सवमा थुनुवा वा कैदी छोड्नु परेमा कारागार कार्यालयले ठेकुवा लगलबमोजिमका थुनुवा वा कैदकिो कैद भुक्तानी कटाई बाँकी कैद देखाइएको लगत सम्बन्धित प्रमुख जिल्ला अधिकारीछेउ पेश गनुपर्छ ।

१२. छुट्कारा दिँदा साक्षी राख्ने:
१) कारागारमा रहेका कैदीलाई छुट्कारा दिँदा नजिकको नातादार वा साथी भए निजहरु, नभए ३/४ भलाद्मी वा नजिक अडडा साक्षी राखी छुटकारा पाएको प्रमाणित गरी सोही दिनमा छुटुवा पुर्जीसमेत दिई छाडिदिनुपर्छ ।

२) थुनुवालाई छाड्नु पर्दा यथासक्य थुन्ने कार्यालयमा पठाइदिनु पर्दछ सो कायालउ टाढा भइृ सम्वभ नभएमा मात्र उपनियम (१) बमोजिम गरी छाडिदिनुपर्दछ ।

१३. जनाउ दिने :

चोरी वा डाँका मुद्दामा सजमय पाएको चारडाँका पाली चोरडिकैती गराउने र चोरकिो माल लिई सजाय पाएका थुनुवा कैदी छुट्कारा पाएमा पुनः निगरानी राख्नु पर्ने भन्ने थुन्ने अडडाले जनाउ दिएको थुनवा वा कैदी छेटेमा जुनजुन इलाकाको हो सोही इलाकाको जिल्ला प्रहरी कार्यालयलाई जानकारी दिनुपर्दछ ।

१४) बाटो खर्च दिने :

छुटकारा पाएका कैदी वा थुनुवाहरुकध्ये धेरै टाढाको घरसम्म पुग्न खर्च नहुने व्यक्तिलाई सम्बन्धित प्रमुख जिल्ला अधिकारीबाट निकासा भएबमोजिम आवश्यक बाटोखर्च दिइनेछ ।

१५) कैद सजायको म्याद पुगेपछि छुट्कारा दिनुपर्ने :

कारागारका कैदीवा थुनुवाहरुमध्ये कैद सजायको म्याद पुगेपछि नछुटी म्याद पुगेको चौबीस घण्टाभन्दा बढ्ता कैद भएमा जसको गफलतले भउको हो उसलाई प्रचलित कानुन बमोजिम गनुपर्दछ ।

१६. रुपैंया तिरेमा छुटकारा दिने :

१) अडडा अदाललबाट जरिवानावापत कैद ठेकी आउकोमा सो जरिवाना र जरिवानावापत ठेकिउको कैदको लगत कारागार कायालयले आफनो लगतपुस्तिकामा कायम गनुपर्नेछ र सो लगत कसिएको जानकारी सम्बन्धित अड्डाअदालतलाई दिनुपर्नेछ ।

२) उपनियम (१) बमोजिम लगत कसिएकोमा जरिवाना निर्त नसकी थुनामा बसिरहेको व्यक्तिले जरिवाना वापतको बाँकी रमक बुझाई थुना मुक्त हुन चाहेमा त्यस्तो व्यक्तिबाट कानुनबमोजिम बाँकी जरिवानावापतको रमक बझी सदर स्याहा गरी लगतपुस्तिकाबाट जरिवाना तथा सो बापतको कैद लगत समेत कट्टा गरी थुनाबाट मुक्त गरिदिनु पर्नेछ ।

परिच्छेद -क)

सामुदायिक सेवा तथा खुला कारागारसम्बन्धी व्यवस्था

१६ क. सामुदायिक सेवामा पठाउने सम्बन्धी व्यवस्थाः

१) कुनै मुद्दामा तीन वर्षसम्म कैद सजाय हुन सक्ने व्यक्तिले सामुदायिक सेव ागर्न चाहेमा मुद्दा हेर्ने अधिकारीसमक्ष अनूसूची-२क. बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ ।

२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि मुद्दा हेर्ने अधिकारीले देहायका विषयउपर विचार गर्दा निवेदन मागबमोजिम कसुरदार ठहरिएको व्यक्तिलाई सामुदायिक सेवामा पठाउन मनासिव देखेमा कारागारको सट्टा सामुदायिक सेवामा पठाउने गरी निर्णय गर्न सक्नेछ :

क) कसुर र कसुर गर्दाको कारण र अवस्था,

ख) निजको विगतको चालचलन,

ग) निजको उमेर,

घ) निजले कसुरका सम्बन्धमा गरेको साविती र निजले कसुरको लागि गरेको क्षमा याचना,

घ) निजले गर्न सक्ने सामुदायिक सेवाको प्रकृति,

३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित नेपाल कानुनबमोजिम स्थापना वा गठन भएको अदालतबाहेक मुद्दा हेर्ने. अन्य अकिारीले कसुरदारलाई सामुदायिक सेवामा पठाउँदा सम्बन्धित जिल्ला अदालतसमक्ष त्यसरी सामुदायिक सेवामा पठाउने आधार र कारणसमेत उल्लेख गरी अनुमति माग गनुपर्नछ। र सम्बन्धित जिल्ला अदालतले पनि त्यस्तो आधार र कारण मनाबि देखेमा त्यस्तो कसुरदारलाई सामुदायिक सेवामा पठाउने अनुमति दिन सक्नेछ ।

४) उपनियम (२) बमोजिम मुद्दा हेर्ने अधिकारीले कसुरदारलाई सामुदायिक सेवामा पठाउने निर्णय गर्दा दैनिक दुई घण्टा सामुदायिक सेवामा काम गरेवापत एक दिनको दरले कैद कट्टा हुने गरी कसुरदारले कति अवधि सामुदायिक सेवा गर्नुपर्ने हा सोसमेत खुलाउनु पर्नेछ ।

५) उपनियम (२) बमोजिम मुद्दा हेर्ने अधिकीबाट कसुरदारलाई सामुदायिक सेवामा पठाउने निर्णय भए पछि काठमाडौं उपत्यकाको हकमा कारागार व्यवस्थापन विभागले र काठमाडौा

उपत्यकाबाहिरको हकमा सम्बन्धित कारागार कायालयले कसुरदारलाई सामाजिक सेवामा लगाउन इच्छुक विद्यालय अस्पताल स्थानीय निकाय वा सामाजिक सघंसंस्थासँग लिखित समझदारी गरी कसुरदारलाई सामुदायिक सेवामा पठाउँदा कारागार व्यवस्थापन विभागले सामुदायिक सेवा तथा खुला कारागार व्यवस्थापन केन्द्रिय समितिको र कारागार कार्यालयले सामुदायिक सेवा तथा खुला करागार व्यवस्थापन जिल्ला समितिको परामर्श लिनुपर्दछ ।

६. उपनियम (५) बमोजिम पठाइउबो कसुरदारले दिनको कम्तीमा दुई घण्टा सम्बन्धित निकाय वा संस्थामा सामुदायिक सेवा गनुपर्दछ र बाँकी अवधि स्वरोजगारको रुपमा काम गर्न सक्नेछ ।

७) उपनियम (५) बमोजिम सामुदायिक सोवामा पठाइएको कसुरदारलाई देहायकको अवस्थामा सामुदायिक सेवाबाट फिर्ता गर्न आवश्यक ठानेमा । सोको अनुमतिको लागी कारागार व्यवस्थापन विभाग वा कारागार कार्यालयले सम्बन्धित जिल्ला अदालबसमक्ष लेखी पठाउनु पर्नेछ :-

क) निजले प्रचलित कानुबविपरित कार्य गरेमा,

ख) निजले सम्बन्धित निकाय वा संस्थासँग भएको समझदारी पत्र बमोजिम ठेकिएको काम नगरेमा,

ग) निजले सामुदायिक सेवामा जादाँको बखत गरेको कबुलियतनामा विपरीत कार्य गरेमा ।

८) उपनियम (७) बमोजिम अनुमतिको लागी लेखिआएमा र कसुरदारलाई सामुदायिक सेवाबाट फिर्ता गर्न मनासिव देखेमा सम्बन्धित जिल्ला अदालतले त्यस्तो कसुरदारलाई सामुदायिक सेवाबाट फिर्ता गर्नृ अनुमति दिनेछ ।

९) उपनियम (८) कुनै कसुरदारलाई सामुदायिक सेवाबाट फिर्ता गर्ने अनुमति प्राप्त भएमा कारागार व्यवस्थापन विभाग वा कारागार कार्यालयले त्यस्तो कसुरदारलाई सामुदायिक सेवाबाट कारागारमा फिर्ता गर्नेछ ।

१०) उपनियम (९) बमोजिम सामुदायिक सेवाबाट फिता गरिएको कसुरकदरले बाँकी कैद कारागारमा रही भुक्तान गर्नु पर्नेछ र निजलाई सोही कैद अवधिमा पुनः सामुदायिक सेवामा पठाइने छैन ।

१६ ख. खुला कारागारसम्बन्धी व्यवस्थाः

१) नेपाल सरकारको आवश्यकाताअनुसार नेपाल राज्यभित्र रहेको कुनै भवन वा स्थानलाई खुला कारागारकको रुपमा तोक्न सक्नेछ ।

२) तीन वर्षभन्दा बढी कैद सजाय भइ कम्तीमा एकतिहाई कैदको अवधि भुक्तान गरिसकेको कैदीले उपनियम (१) बमोजिम तोकिउको खुला काारागारमा ढाँचामा सम्बन्धित कारागार कार्यfलयमार्फत कारागार व्यवस्थापन विभागसमक्ष निवेदन दिनु पर्नेछ ।

३) उपनियम (२) बमोजिम प्राप्त हुन आएका निवेदउपर जाँचबुझ गरी कारागार व्यवस्थापन विभागले उक्त निवेदन सामुदायिक सेवा तथा खुला करागार  व्यवस्थापन केन्द्रीय समितिसमक्ष पठाउनेछ र सो समितिले देहायका कुरामा विचार गरी कैदीलाई खुला कारागारमा बस्ने अनुमति दिन हुने नहुने सम्बन्धमा कारण र आधार खुलाई कारागार व्यवस्थापन विभागसमक्ष सिफारिस गर्नेछ :-

क) अपराध गर्दाको कारण र अवस्थाको सम्बन्धमा फैसालामा उल्लेख भएको व्यहोरा ,

ख) कैदमा रहँदा जेलरले प्रमाणित गरिदिएको निजको चालचलन,

ग) केदीको उमेर,

घ) कैदीले गर्न चाहेको स्वरोजगारको प्रकृति तथा रोजगारदाताले तोकेको रोजगारसम्बन्धी सेवाका सर्त तथा सुविधा।

४) उपनियम (३) बमोजिम सामुदायिक सेवा तथा खुला कारागार व्यवस्थापन केन्द्रिय समितिले कारागार व्यवस्थापन विभागसमक्ष कैदीलाई खुला कारागारमा बस्ने अनुमति दिने सिफारिस गरेमा कारागार व्यवस्थापन विभागले कुनै रोजगारदाताकहाँ रोजगार गर्ने कैदीको हाकमा रोजगारदातासँग समझदारीपत्र गरी र स्वरोजगार गर्ने कैदीको हकमा त्यस्तो स्वरोजगारको

विवरण खुलाई आवश्यक सर्त पालना गर्ने कबुलियतनामा गराई खुला कारागारमा बस्ने अनुमति दिन सक्नेछ ।

५) उपनियम (३) र (४) मा जुनसुकै कुरा लेखिएको. भएता पनि देहायको कैदीलाई खुला कारागारमा बस्ने अनुमति दिइने छैन :-

क) एकपटक कारागारबाट भागेको कैदी,

ख) कैदमा रहँदा असल चालचलन नभएको भनी अभिलेखमा जनिएको कैदी,

ग) मानसिक सन्तुलन ठीक नभएको भनी चिकित्सकले प्रमाणित गरिदिएको केदी ,

६) उपनियम (४) बमोजिम खुला कारागारमा बस्ने अनुमतिप्राप्त कैदीले देहायका सर्तहरु पालना गर्नु पर्नेछ :-

क) खुला कारागारमा बस्ने अनुमति दिँदाका बखत उल्लिखित काम मात्र गर्नुपर्नै ,

ख) खुला कारागार क्षेत्रबाट बाहिर जाँदा वा खुला कारागरभित्र आउँदा कैदीको साथमारहेका सामानहरु जाँच गराउनु पर्ने र निजको साथम आएको मानिसको अभिले खगराउनु पर्ने,

ग) निर्धारित समायमा मात्र खुला कारागार क्षेत्रबाट बाहिर जाने र खुला कारागारभित्र आउनु पर्ने,

घ) कबुलियतनामामा तोकिएको स्थान र क्षेत्रबाहेकका अन्य स्थान र क्षेत्रमा बसोबास गर्न नहुने

ङ) खुला कारागारमा परिवारबाहेक अन्य व्यक्तिलाई स्थायी रुपमा बस्न नदिने ,

च) खुला कारागारमा अधिकृतले समयसमयम दिइएको निर्देशन पालन गुनुपर्नेछ ।

७) कुनै कैदीले उपनियम (६) मा उल्लिखित सर्तहरु पालना गरेको नपाइएमा कारागार व्यवस्थापन विभागले त्यस्तो कैदीलाई खुला कारागारबामट फिर्ता गर्नेछ ।

८) उपनियम (७) बमोजिम फिर्ता गरिएको कैदीले कैदको बाँकी अवधि करागारमा भुक्तान गर्नु पर्नेछ र निजलाई सोही कैदवापत पुनःखुला कारागारमा पठाइने छैन ।

१६ग. सामुदायिक तथा खुला करागार व्यवस्थापन समितसिम्बन्धी व्यवस्थाः

१) सामुदायिक सेवा तथा खुला कारागारको सञ्चालन व्यवस्थापनको सम्बन्धमा कारागार व्यवस्थापन विभागलाई रायसुझाव दिन र कसुरदारलाई सामुदायिक सेवा वा खुला करागारागारमा पठाउने सम्बन्धमा विभागलाई आवश्यक परामार्श दिने देहायबमोजिमको उक सामुदायिक सेवा तथा खुला करागार व्यवस्थापन केन्द्रिय समिति रहनेछ :-

क) महानिर्देशक, कारागार व्यवस्थापन विभाग अध्यक्ष

ख) प्रतिनिधि -वरिष्ठ प्रहरी उपरिक्षक सदस्य

प्रहरी प्रधान कार्यालय सदस्ग

ग) कानुन अधिकृत, गृह मन्त्रालय सदस्य

घ) प्रतिनिधि -उप-सचिव,

कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय सदस्य

ङ) कारागार सुधार र सामुदायिक सेवाको क्षेत्रमा कायरत गैरसरकारी संस्थामध्येबाट कारागार व्यवस्थापन विभागको महानिदेशकले तोकेको दुईजना प्रतिनिनिध सदस्य

च) निर्देशक, कारागार व्यवस्थापन विभाग सदस्य-सचिव

२) जिल्लास्तरमा सामुदायिक सेवा र खुला कारागारको सञ्चालन तथा व्यवस्थापन गर्न र कुनै कसुरदारलाई सामुदायिक सेवामा पठाउने सम्बन्धमा कारागार कार्यालयलाई आवश्यक परामर्श दिन प्रत्येक जिल्लामा देहायबमोजिको एक सामुदायिक सोवा तथा खुला कारागार व्यवस्थापन जिल्ला समिति रहनेछ :-

क) जेलर, कारागार कार्यालय अध्यक्ष

ख) प्रतिनिधि, जिल्ला प्रहरी कार्यालय सदस्य

ग) प्रतिनिधि, जिलला प्रशासन कार्यालयत्र सदस्य

घ) प्रतिनिधि, जिल्ला सरकारी वकिल कार्यालय सदस्ण

ङ) कराागार सुधार र सामुदायिक सेवाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थामध्येबाट जेलरले तोकेको एकजना प्रतिनिधि सदस्य

३) उपनियम (१) वा (२) बमोजिमको समितिले बैठकका कुनै विशेषज्ञलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

४) उपनियम (१) वा (२) बमोजिमको समितिले बैठकसम्बन्धि कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

५) उपनियम (१) वा (२) बमोजिमको समितिको अन्य काम, कर्तव्य र अधिकार कारागार व्यवस्थापन विभागले तोकिदिएबमोजिम हुनेछ ।

१६ घ. सामुदायिक सेवा अधिकृत र खुला कारागार अधिकृत तोक्ने सक्ने :

सामुदायिक सेवामा संलग्न रहेका कसुरदार र खुला कारागरामा बस्ने कैदीको चालचलन र काम, कारबाहीको अनुगमन र नरीक्षण गरी कारागार व्यवस्थापन विभाग वा कारागार कायालष्समक्ष प्रतिवेदन पेश गर्न, खला कारागारमा जान चाहने कैदकिो लगत संकलन तथा सामुदायिक सेवा लिन चाहने निकाय वा संस्थासँग सम्पर्क राख्न तथा सामुदायिक सेवा तथा खुला कारागारसम्बन्धि सहयोग गर्न गृह मन्त्रालयले कारागार व्यवस्थापन विभाग वा सो अन्तर्गत कार्यरतथ कुनै अधिकृतलाई सामुदायिक सेवा अधिकृत र खुला कारागार अधिकृतको रुपमा तोक्न सक्नेछ ।

१६ङ. बालसुधारगृहमा रहने अवधि बढाउन सक्नेः

प्रचलित कानुनबमोजिम बालसुधारगृहमा पठाइउका बालबालिकाको उमेर १६ वर्ष पुगेको भएता पनि सम्बन्धित बालसुधारगृहले निजको चालचलनमा सुधार आएको र निजलाई थप अवधिसम्म बालसुधारगृहमा राख्न उपयुक्त छ भनी सिफारीस गरेमा जेलरले त्यस्ता बालबालिकाको हकमा बालसुधार गृहमा बस्ने अवधि बढाउन सक्नेछ ।

परिचछेद - ३

कारागारको पाले पहरा र रेखदेख

१७. पहरा गर्ने सुरक्षकर्मीहरुको कर्तव्यः

कारागारमा पाले पहरा गर्ने सुरक्षाकर्मीहरुले कारागारको ढोका ढोकाहरुमा र कारागार परिधि वा पर्खालबाहिर चारैति पालैपालो चपट दिई कैदी वा थुनुवाहरु भाग्छन कि भनी सतर्क रही कैदी

थुनुवाहरु भाग्न नपाउने गरी होसीयारीसाथ खबरदारी गरी आफना अखडासम्म बराबर टहलिरहनुपर्छ ।

१८. सेन्ट्रीको कर्तव्यः

कारागारमा पालो पहरा गर्न खटिएकका सुरक्षाकर्मीहरुले पालैसँग दस्तुरमाफिक खबरदार बोली रमन घुमे नघुमेको सेन्ट्रीले विचार गरी निजहरुले खबरदार बोलेकोमा सेन्ट्रले पनि खबरदार बोल्नुपर्दछ । सो बमोजिम आफनो पालो पुगेपछि निजले अर्को पालेललाइ उर्दी सुनाई जिम्मा दिनुपर्छ ।

१९. अखडाअखडामा पुगेपछि खबरदार बोल्नेः

कारागारभित्र रमन घुम्न खटिएका सुरक्षाकर्मीहरुले ४ अखडामा बसी पालो बाँधी पर्खालको किनाराकिनारै घुमी अखडाअखडामा पुग्नासाथ खबरदार बोल्नु पर्छ सो अखडामा बस्ने पालेले खबरदार बोले नबोलेको सेन्ट्रीले विचार गनुपर्दछ । कैदी वा थुनुवाहरु भाग्न उम्कन लागेको देखियो भने अलार्मको सूचना वा आवाज दिई तुरुन्त पक्री कारागार कार्यालयमा बुझाईदिनुपर्छ

२०. कमाण्डर र अधिकृतको कामः

कारागारमा रमन घुम्न खटिउका सुरक्षाकर्मीहरुले दस्तुरमाफिक घुमे नघुमेको कमाण्डरले जाँची सोबमोजिम नभएमा कमाण्डरले अधिकृतमा र अधिकृतले कारागारको जेलरलाई र सम्बन्धित तालुक अडडालाई समेत प्रतिवेदन दिनुपर्छ ।

२०क. निर्देशन र नियन्त्रणः

कारागारको पालोपहरा र रेखदेखको काम जेलरको सामान्य निर्देशन र नियन्त्रणमा हुनेछ ।

परिच्छेद - ४

श्रेणी विभाजन र सिधा तथा सुविधाहरु

२१.........................

२२. लुगा सम्बन्धी व्यवस्था :

१) कारागारका कैदी र थुनुवाहरुलाई निम्न लिखितानुसार लुगा बाँडिनेछ ।

क) मर्दानालाई जाडो समयमा कुर्था एक र सुरुवाल एक तथा गर्मी समयमा कटटु एक र बुशर्ट एक समेत गरी जम्मा वर्षको दुईपटक,

ख) जनानालाई दश हाते. धोती र चोलो एक दरले वर्षको दुइपटक,

ग) नाबालक बालबालिकाहरुलाई कमिज १, सुरुवाल १ वा घाँघर १ सुरुवाल १ दरले वर्षको दुइपटक र सुती कपडाको कोट १ गलबन्दी १ र टोपी १ वर्षको एक पटक ।

२) उपनियम (१) बमोजिमको वर्षको दुई पटक लुगा बाँड्दा बैशाख र कार्तिक महिनामा बाँडिनेछ । वर्षको एकपटक बाँडिनेचाहिँ कार्तिक महिनामा दिइनेछ । …………कुनै थुनुवा कैदीले आफनो तर्फबाट लुगा ल्याएमा सोही लुगा लगाउन दिइनेछ ।

३) उपनियम (१) बमोजिम दिइने लुगाको निमित्त कपडाको किसिक र नमुना प्रमुख जिल्ला अधिकारीले पास गरिदिएबमोजिम तयार गरी दिइने छ । तर कैदी वा थुनुवाले आफू खुसी लुगा लगाउन चाहेमा स्वीकृत नमुनाबमोजिमको लुगाको निमित्त पर्न आउने मूल्य बराबरको रकम त्यस्ता कैदी वा थुनुवालाई दिइनेछ ।

४) उपनियम (१) बमोजिमको अतिरिक्त देहायका प्रकारका चिज देहायबमोजिम दिइने छ :-

क) प्रत्येक कैदी वा थुनुवालाइ चार हाते काम्लो उक र पाँच हाते पाखी एक वा काम्लो र पाखीको सट्टा सिरक कसना लिन चाहने बन्दीलाई तीन किलो कपास बराबारको सिरक एक तथा तीन कीलो कपास बराबरको डसन ाउक र चार हाते कोराको च्यादर वा तन्ना उक हरेक दुई वर्षमा एकपटक ।

ख) प्रत्येक कैदी वा थुनुवालाई सुत्न निमित्त डेढ हात चौडाई साँढे चार हात लम्बाइकै सुकुल एक हरेक ३ वर्षमा एकपटक ।

५) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कैदी वा थुनवा दुई वर्ष नपुग्दै छुटी जाने भउमा निजले लिएको उक्त सामान कारागार प्रशासनलाई फिता गर्नुपर्दछ ।

२३. सिधासम्बन्धी व्यवस्था :

कारागार थुनुवा वा कैदी र तिनका नाबालक अश्रितहरुलाई प्रतयेक दिन दिइने सिधाको दर अनूसूची -३ मा तोकिएबमोजम हुनेछ ।

२४.सुत्केरीलाई थप सिधासम्बन्धी व्यवस्था :

छानविन तथा अनुसन्धान केन्द्र तथा कारागारमा थुनिएका जनाना थुनुवा वा कैदी सुत्केरी भएमा सुत्केरी उर्तान नियम २३ बमोजिम दिइने सिधाबाहेक सुत्के.री हुन तीस दिन अघिदेखि सुत्केरी भएको मितिले ६० दिनसम्म देहायबमोजिम थप सिधा र सामान दिइने छ :-

| | |
|---|---|
| क) कसिनो चामल प्रतिदिन | सात सय ग्राम, |
| ख) घिउ प्रतिदिन | एक सय ग्राम, |
| ग) खानेतेल प्रतिदिन | एक सय मिलिलिटर |
| घ) ज्वानो प्रतिदिन | पचास ग्राम |
| ङ) कोरा कपडा एक सुत्केरी अवधिकोलागी | दश मिटर |
| च) साधाा्ण राडी एक सुत्केरी अवधिको लागी | एक थान |
| छ) एक सुत्केरी अवधिको लागी नगद | एक हजार रुपैयाँ |

२४क. चौकीदार, नाइके र सहनाइकेको नियुत्ति, र संख्या :

१. कारागारको आन्तरिक व्यवस्थापनमा सहयोग लिने प्रयोजनको लागी जेलरले कारागारका कैदीहरुमध्येबाट देहायबमोजिमको संख्यामा चौकिदार, नाइके र सहनाइके नियुक्ति गर्न सक्नेछ : जेलरले कारागारमा महिला तथा पुरुष कारागारको लागी एक/एक जना र छुट्टाछुट्टै कम्पाउण्ड भएको प्रत्येक कारागार भनवनके लागी एक/एक जना चौकीदार

ख) पच्चीस बन्दी  बाराबर एक नाइके र

दस बन्दी बराबर एक सहनाइके, ।

२) उपनियम (१) बमोजिम चौकीदार नाइके र सहनाइकेको संख्या निर्धारण गर्दा अषढ मसान्तको बन्दीहरको संख्यालाइ आधार बनाउनु पर्नेछ र जेलरले सो नामावली सहितको विवरण कारागार व्यवस्थापन विभागका पठाउने पर्नेछ ।

३) उपनियम (१)पर्ने जुनसुकै कुरा लेखिएको भएता पनि कैदीबाट एकपटक फरार भै पुनः पक्राउमा परेर कैदमा रहेको, कैदी वा थुनुवालाई भगाउने काममा संलग्न रहेका, अरु कैदी वा थुनुवालाई यातना दिएको खराब चालचलन भएको र सोही आर्थिक वर्षको बीचमा कैद मुक्त हुने अवस्थामा रहेको बन्दीलाई चौकीदार, नाइके र सहनाइकेमा नियुक्त गरिने छैन ।

४) चोकदिार, नाइके र सहनाइकेले अरु वन्दी वा थुनुवालाई शारीरिक यातना दिएको र अरु वन्दीसँग कुनै किसिमको अनुचित फाइदा लिएको पाइएमा जेलरले त्यस्तो व्यक्तिलाई चौकीदार, नाइके र सहनाइकेबाट तुरुन्त हटाउनु पर्ने(१)पर्ने जुनसुकै कुरा लेखिएको भएता पनि कैदीबाट एकपटक फरार भै पुनः पक्राउमा परेर कैदमा रहेको, कैदी वा थुनुवालाई भगाउने काममा संलग्न रहेका, अरु कैदी वा थुनुवालाई यातना दिएको खराब चालचलन भएको र सोही आर्थिक वर्षको बीचमा कैद मुक्त हुने अवस्थामा रहेको बन्दीलाई चौकीदार, नाइके र सहनाइकेमा नियुक्त गरिने छैन ।

४) चोकदिार, नाइके र सहनाइकेले अरु वन्दी वा थुनुवालाई शारीरिक यातना दिएको र अरु वन्दीसँग कुनै किसिमको अनुचित फाइदा लिएको पाइएमा जेलरले त्यस्तो व्यक्तिलाई चौकीदार, नाइके र सहनाइकेबाट तुरुन्त हटाउनु पर्नेछ ।

२५. चौकीदारलाई थप सुविधासम्बन्धी व्यवस्थाः

कारागार कैदी वा बन्दी मध्येबाट रहने चौकीदार, नाइके र सहनाइकेलाइ नियम २३ कानेजिा दिइने सिधाबाहेक देहायबमोजिमको थप सुविधा दिइनेछ :

| | |
|---|---|
| क) चौकीचारलाई प्रतिदिन | एक रुपैया पचास पैसा |
| ख) नाइकेलाई | एक रुपैया बीस पैसा |
| ग) सहनाइकेलाई | नब्बे पैसा |

२५क. सिधा वा सुविधा नपाउनेः

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक सेवा वा खुला कारागारमा रहेको कसुरदार वा कैदीले सो अवधिभर यस परिच्छेदबमोजिम पाउने सिधा वा सुविधा पाउने छैन ।

परिच्छेद -५

भेटघाट वा पत्रव्यवहार गर्नै

२६. भेटघाट र पत्रव्यवहारको सुविधाः

१) कारागारमा रहेका सबै थुनुवा वा कैदीहरुलाई देहायको सुविधा दिइनेछ :

क) कार्यालयको टायममा जेलरको रेखदेरमा हप्ताको दुईपटक आफना नातादार र मित्रहरुसँग भेटघाट गर्न पाउनेछन । त्यसरी भेटघाट गर्दा कैदी वा थुनुवा कारागारको दोकाभित्र र भेट गर्न आउने व्यक्ति ढोकाबाहिर रही कुरा गर्न पाउनेछन ।  ) जेलरले सेंसर गरी पास गरेको प्रत्येक चिठी लिन र एक हप्तामा दुइवटासम्म चिठी जेलरद्धारा सेंसर गराई पठाउन सक्नेछ ।

ग) नेपाल सरकारबाट इजाजत प्राप्त वा अनुमति दिइएका अखबार म्यागजिन तथा किताबहरु लिन पाउनछ ।

घ) जेलर वा जिजले तोकेको कर्मचारी वा सुरक्षकर्मीको रोहवरमा आफनो परिवारसँग टेलिफोन सेवा वा अन्य सञ्चारसम्पर्क गर्ने सुविधा पाउन सक्नेछ ।

२) कारागार कैदी वा थुनुवालाई आएगउको चिठीपत्र जेलरले सेंसर गर्दा देश नरेशलाई हानिकारक प्रतयक्ष वा अप्रत्यक्ष कुनै किसिकको संकेत चिन्ह र सार्वजनिक हितबाहेक कुनै संगठन गर्ने विचार दर्साएको चिठी पत्रपत्रिका जफत गरी कार्वाइको निमित्त सम्बन्धीत प्रमुख जिल्ला अधिाकारछिेउ पेश गनुपर्छ ।

३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि कारागार तथा कैदी वा थुनुवाको अवस्थाको विषयमा जानकारी लिनको निमित्त कुनै संञ्चारमाध्यानका प्रतिनिधि वा अध्ययन अनुसन्धान कार्यमा संलग्न व्यक्ति वा संस्थाले औपचारीक रुपले अनुरोध गरेमो जेलरले कैदी वा थुनुवासँग भेटघाट गर्ने अनुमति दिन सक्नेछ ।

परिच्छेद -६

थुनुवा र कैदीहरुको चालचलनको रेकर्ड राख्ने

२७. कैदीहरुको चालचलनको अभिलेख राख्नेः

१) कारागारभित्र बदमासी गर्ने वा कारागार ऐनको दफा २२ वा २४ बमोजिमको गर्न नहुने काम गरेमा त्यस्ता कैदीहरुको नाम नमेसी गरेको कसुर र पाएको सजाय लेखी एउटा लगतकिताब खडा गरी राख्नुपर्दछ ।

२) कारागारभित्र असल चालचलन भएका कैदीहरुको नाम नामेसी गरेको कसुर र पाएको सजाय उल्लेख गरी निजहरुको अर्को छुट्टै लगतकिताब खडा गरिराख्नु पर्नेछ ।

३) कुनै उत्सवमा छुट्ने कैदीहरुको लगतमा उपनियम (१) बमोजिमको लगतकिताबमो परेको कैदीहरुको नाम लेखी पठाइने छैन ।

२८.........................................

२९) असल चालचलन भएका कैदीको सजाय छोट्याउने :

१)असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा पचास प्रतिशतसम्म कैदको सजाय छोट्याउन सकिनेछ ।

१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिदएकोभएता पनि देहायको मुद्दामा कैद सजाय पाएको व्यक्तिको कैद सजाय छोट्याउन सकिने छैन :-

क) जीउ मास्नेबोच्ने

ख) जबरजस्ती करणी

ग) कैदबाट भागे भगाएको

घ) भन्सार चोरीनिकासीपैठारी

ङ) लागू औषधीको कारोबार

च) भ्रष्टाचारसम्बन्धी

छ) जासुसीसम्बन्धी

ज) संरक्षित वन्यजन्तुसम्बन्धी

झ) पुरातात्विक बस्तुसम्बन्धी

२) कारागारभित्र बफादारीसाथ काम गर्ने चौकीदार नाइके, सहनाइके शिक्षक तथा कामदारलाई सालसालै काम गरेकोमा क्रमशः चौकदिारलाई १ वर्षको २ महिना, नाइकेलाई १ वर्षको १ महिना १५ दिन सहनाइकेलाई १ वर्षको एक महिनाको दरले र शिक्षक वा कारखानामा काम गर्ने कामदारको रुपमा काम गरको कैदीलाई जेल वा कारखानाको प्रतिवेदनबमोजिम १ महिना

राम्रो का गरेबापत दिन ५ को दरले कैद कट्टी सुविधा उपनियम (१) बमोजिम छोट्याइने कैदको सजायको अवधिका गणना गरिनेछ । २(क) उपनियम (१) र (१क) मा जुनसुकै कुरा लेखिएको भएतापनि असल चालचलन भएका सत्तरी वर्ष उमेर पुगेका कैदीहरुको हकमा पचहत्तर प्रतिशतसम्माको कैद सजाय छोट्ायाउन वा दुवै आँखा नदेख्ने वा दुवै खुट्टा नचल्ने वा अङ्गभङ्ग भई ओछ्यान परी निको नहुने अवस्थामा पुगेको भनी सरकारी चिकित्सकले सिफारिस गरेको कैदीको हकमा बाँकी कैदको सजाय छोटयाउन सकिनेछ ।

३) उपदफा (१), (२) र (२क) मा लेखिएको कैदको सजाय छोट्याउन आवश्यक देखेमा जेलरले आफ्नो रायसाथ प्रमुख जिल्ला अधिकारीसमक्ष पेस गनुपर्नेछ ।

४) उपनियम (३) बमोजिम कैदको सजाय छोट्याउन जेलरले पेश गरेको रायमाथि विचार गरी उपयुक्त देखेमा जिल्ला प्रमुख अधिकारीले आफ्नो रायमाथि कारागार व्यवस्थापन विभागमा पठाई सोको जानकरी क्षेत्रीय प्रशासन कार्यालयलाई समेत दिनुपर्देछ । यसरी जानकारी प्राप्त भएपछि क्षेत्रीय प्रशासन कार्यालयले आफ्नो तयसाथ गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।

५) उपनियम (४) बमोजिम लेखी आएकोमा कारागार व्यवस्थापन विभागले आफ्नो रायसाथ निर्णयका लागी गृह मन्त्रालयमा पठाउनु पर्नेछ ।

६) उपनियम (५) बमोजिम प्राप्त भएपछि गृह मन्त्रालयले उपयुक्त देखेमा कैदको सजाय छोट्याउने निर्णय गरी निर्णय कार्यन्वयनको लागी सम्बन्धित जेलरलाई लेखिपठाउनु पर्नेछ ।

७) उपनियम (६) बमोजिम गृह मन्त्रालयबाट कैदको सजाय छोट्याउने निकासा प्राप्त भएपछि जेलरले कैदको लगत कट्टा गरी कैदीलाई छोडिदिनु पर्देछ ।

३०. कैद गर्ने अवधि :

१) प्रचलित कानुनबमोजिम जन्मकेदको सजाय पाएको कैदीलाई कैद गर्दा बीस वर्ष कैद गरिनेछ ।

२)........................

३१. पढ्नलाई स्कुलको प्रवन्ध गर्ने:

१) कारागारमा थुनिएका केटाकेटीहरु र प्रोढ व्यक्तिहरुको आवश्यकताअनुसार प्राथमिक, मिडिल र प्रौढ स्कूलको व्यवस्था र सो स्कुललाई चाहिने आवश्यकीय सहायकताको प्रबन्ध गरिनेछ ।

२) उपनियम (१) बमोजिम व्यवस्था गरिएको स्कुलमा यथासक्य कारागारमा रहेको शिक्षित व्यक्तिहरु मध्येबाट जेलरले योग्य छानी शिक्षकको रुपमा नियुक्ति गर्नेछ । शिक्षकको काम गरेवापत निजलाई मासिक साठी रुपैयाँका दरले पारिश्रमिक दिइनेछ ।

३२. प्रशिक्षकको पारिश्रमिक :

१) कारागारमा रहेका कैदी वा थुनुवालाई असल मोवृत्तितर्फ उन्मुख गराउने किसिसको योग्य व्यक्तिहरुबाट गराइनेछ ।

२) प्रशिक्षकलाई पारिश्रमिकको रुपमा एकपटकमा एक सय रुपैयाँसम्म दिइनेछ । जेलररे प्रशिक्षण दिने व्यक्ति तथा प्रशिक्षको विषयको बारेमा प्रमुख जिल्ला अधिकारीको निकासा लिनुपर्दछ ।

३३. पुस्तकालय र रेडियो केन्द्र राख्ने :

थुनुवा वा कैदीहरको समय सदुपयोग गर्नलाई नेपाल सरकारले तोकिदिएको कारागारमा पुस्तकालय र रेडियो श्रवणकेन्द्रसमेत राखिनेछ ।

३४. घरेलु इलम केन्द्रसमेत खोल्नेः

कारागारभित्र रहेका कैदहिरुको समय सदुपयोग गराउन र स्वालम्बी बनाउनको लागी नेपाल सरकारले घरेल इलमसम्बन्धी कारखाना खोल्ने सक्नेछ

३४क) सीप विकास तथा स्वास्थ्य र शिक्षसम्बन्धि तालिम सञ्चालनः

कुनै संघसस्थाले बन्दीको सीप विकास एवं स्वास्थ्य र शिक्षासम्बन्धी ज्ञानको निमित्त कारागारभित्र त्यस्तो सीपमुलक एवं स्वास्थ्य र शिक्षासम्बन्धी तालिम सञ्चालन गर्न निवेदन दिएमा र त्यस्तो तालिम बन्दीको निमित्त उपयोगी हुने देखिएमा कारागार व्यवस्थापन विभागले त्यस्तो तालिम सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

३५. काराखानामा काम लगाउने :

१) राजकारसम्बन्धी मुद्दाको केदी वा थुनुवाबाहेक अरु कैदी वा कैदीनहिरुलाई करागार कारखानामाच काम लगाउन सकिनेछ । तर राजकाजसम्बन्धी मुद्दाको कैदी वा थुनुवाले चाहेमा कारखानामा काम गर्नलाई यस नियकले बाधा दिने छैन ।

२) काममा लगाउने कैदी वा थुनुवा झिक्दा कामका लगाउने कर्मचारी र लिनेदिने गनुपर्दछ । सो काममा गएका कैदी वा थुनुवा चिन्ने रेखदेख गर्न नाइके एक जनासमेत पठाउनु पदर्छ श्र

३६. चोरी गरेमा प्रचलित नेपाल कानुनबमोजिम हुने:

कारागारमा काम गर्दा सो कारखानाको मालसामान चोरी गऱ्यो भने चोरी गरेको माल बुझी लिई प्रचलित नेपाल कानुनबमोजिम गर्नुपर्छ ।

३७. नगद जम्मा गर्ने र तयसको भरपाई दिने :

१) कारागारमा कैदी वा थुनुवाहरले सञ्चित गरी राखेको वा काराखानामा काम गरी कामएको नग कारागारभित्र राख्दा चोरी हुन सक्ने हुँदा चाहिएको बखत आवश्यकतानुसार दिने गरी कारागार कार्यालयको धरौटी खातामा प्रचलित नेपाल कानुनको रीत पुऱ्याई आम्दानी खर्च गर्नसकिनेछ र सो धरोटी राख्न कैदी वा थुनुवालाई धरौटी रहेको अङ्कको रीतपूर्वकको रसिद दिनुपर्छ ।

२) उपनियम (१) बमोजिम कैदी वा थुनुवाबाट धरौटी रहन आएको रुपैयाँहरु देहायका कारागारहरुमा जेलरले देहायबमोजिमको रुपैयासम्म कार्यालयको तहविलमा मौच्दात राख्न सक्नेछ । सो भन्दा बढी नगद नजिकको बैक वा मालको धरौटी खातामा जम्मा गरिदिनु पर्छ ।

क) केन्द्रीय कारागारलाई रु। १,०००।-

ख) वीरगञ्ज .................कारागारलाई रु. ५००।-

ग)विराटनगर................... कारागारलाई रु. ५००।-

घ) पाल्पा.......................कारागारलाई रु.५००।-

ङ) अरु प्रत्येक कारागारलाई रु. १००।-

३८. स्वास्थ्यको हेरविचार गर्ने:

१) कारागारमा केदी वा थुनुवाहरुको स्वास्थ्यको लागी अन्नपानीको राम्रो प्रवन्ध गनुपर्छ ।

२) कारागारभित्र कैदी वा थुनुवा रहेका ठाउँठाउँमा पाइखाना पिसाबखानाहरुमा समेत दरबन्दी भैरहेको मेहत्तर, च्यामे भङ्गीहरुद्धारा रोजराजै सुग्घरसफा गराई चुन, फिनेल, पोटास इत्यादि छर्ने गराउनुपर्छ

३) कारागारका कैदी वा थुनुवाहरको स्वास्थ्य निमित्त कुनै किसिमका बाजी राखी लिनदेन नपाउने गरी कारागार सुहाउँदो विभिन्न किसिकको मनेरञ्जन खेलकुदको प्रवन्ध हुन सक्नेछ ।

३९. डाक्टर जँचाउने :

१) जेलरले कारागारका कैदी थुनुवाहरु बिरामी भएमा कारागारको भए कारागारको डाक्टर चिकित्सक र कारागारको नभए नेपाल राज्यभित्र नजिक इलाकाको पाएसम्म सरकारी अस्पताल, डिस्पेन्सरीको डाक्टर वा अन्य योग्य चिकित्सककहाँ लगी वा आवश्यक भए बोलाई निजबाट जँचाई समयमा औषधी उपचार गराउनुपर्छ।

२) कडा रोग लागेको कुनै कैदी थुनुवालाई तयसरी उपनियम (१) बमोजिम जचाउँदा डाक्टर चिकित्सकले कारागारबाहिर नजिक इलाकाको वा नेपाल राज्यभित्र कहीँको अस्पताल छ भनी प्रमाणीत गरिदिएमा जेलरले सोबमोजिम समयमा जँचाउने, इलाज गराउने वा भर्ना गर्ने उचित प्रवन्ध मिलाउनेपर्छ।

३) उपनियम (१) र (२) बमोजिम कारागारबाहिर जँचाउनु वा अस्पताल, स्वास्थ्यगृहमा भर्ना गर्न लैजादा, ल्याउँदा वा भर्ना गरी राख्दा कैदी थुनुवा भाग्न, भगाउन नपाउने गरी पालेपहराको राम्रोप्रबन्ध मिलाउनुपर्दछ । तर, नजिक इलाकाको बाहेक बाहिर बेइलाकाको विशेषज्ञ जँचाइएका अस्पताल, स्वास्थ्य गृहमा भर्ना गरी औषधीउपचार गराउन आवश्यक भए त्यस्तो बिरामी कैदी थुनुवालाई इलाका पर्ने कारागारमासरुवा गनुपर्छ।

४) बिरामी बाहेक अरु कैदी थुनुवालाई पनि रोगबाट बचावट गर्न बारबार डाक्टर चिकित्सकबाट जँचाई डाक्टर चिकित्सकको रायबमोजिम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्दछ

५) गम्भीर प्रकृतिको रोग लागेको थुनुवा वा कैदीलाई नियमित औषधी उपचारको अतिरिक्त पौष्टिक खुराक आवश्यक छ भनी चिकित्सकले सिफारिस गरेमा एक पटकमा थुनुवा वा केदीको कुल संख्याको बढीमा एक प्रतिशतसम्म वा एक सयभन्दा थोरै कैदी वा थुनुवा भएको कारागारमा एक जनासम्मलाई वा एक पटकमा थुनुवा वा कैदीको कुल संख्याको बढीमा एक प्रतिशतसम्म वा एक सयभन्दा थोरै वा थुनुवा भएको कारागारमा एक जनासम्मलाई प्रतिदिन एक सय ग्राम खसीको मासु वा सोको मूल्य बराबरको अरु प्रकारका पौष्टिक खुराकस्वरुप उपलब्ध गराउन सकिनेछ।

४०. डिस्पेन्सरी खुला राख्नु पर्ने :

चार सय (४००) भन्दा बढी कैदी वा थुनुवा रहने सेण्ट्रल कारागारमा डिस्पेनसरी वा अस्पताल दरवन्दी भैसकेकोमा र दरवन्दी हुनेमा समेत आकस्मिक रोगबाट मौकामा बचाउनको लागी

दरबन्दीबमोजिमको डाक्टर, कम्पाउण्डले आलोपालो मिलाई चौबीसै घण्टा अस्पताल वा डिस्पेन्सरी खुला राख्नुपर्छ ।

४१. कुलाचार धर्म गर्न पाउने:
प्रचलित नेपाल कानुनको अधिनमा रही थुनुवा वा कैदीले आफनो कुलाचार धर्म गर्न पाउने छ ।

परिच्छेद -७

भाग्न लागेकोमा हतियार प्रयोग गर्ने तथा भागेकोमा खानतलास गर्ने

४२. मौका तहकिकातको कागज गर्ने:
कैदी वा थुनुवाहरु भाग्न उद्योग गरेको र भागिसकेकोमा भगाउनेको र उद्योग गर्नेको समेत जेलरले मौका तहकिकातको कागज गराई चलानीसाथ भाग्न खोज्ने र भगाउन खोज्ने समेतलाई जिल्ला अदालतमा पठाई कारवाई सकिएपछि वापस लिनुपर्छ ।

४३. थुनुवा वा कैदी भागेमा खोजतलासीको लागी सूचना गर्ने:

१) कैदी वा थुनुवा भागी गै सकेकोमा निजलाई खोजतलास गर्न निजको नाम, थर वतन तथा कैद परेको मिति र हुलियासमेत खुलाई जिल्ला प्रहरी कार्यालय वा जि.पु.इ.आर.र जिल्ला प्रशासन कार्यालय र थुन्ने अडडालाई समेत लिखित सूचना दिई लगतमा जनाउनुपर्छ ।

२) सो भाग्ने व्यक्ति पक्रिएमा जिल्ला अदालतमा पठाई सो भागे तर्फ ऐनबमोजिम कारवाई गराउनुपर्दछ

४४. भाग्न लागेको थुनुवा वा कैदीउपर हतियार प्रयोग गर्ने:
कारागारको कुनै कैदी वा थुनुवा ढोकामा हुल वा पर्खाल नाघी वा भत्काई वा सुरुङ खनी वा केही तवरले भाग्न लाग्यो भने सो गर्न लाग्दैमा तुरुन्त पक्रनुपर्छ , पक्रँदा निजले हतियार लठठी इत्यादि चलाउन लाग्यो वा हुलहुज्जत गर्‍यो भने अवस्था हेरी भाग्न नदिन निमित्त जुनसुकैं हतियार प्रयोग गर्न सकिनेछ । सोबामोजिम गर्दा मर्न गएमा हतियार प्रयोग गर्ने व्यक्ति सजायको भागी हुने छैन ।

४५. भाग्नेहरुको लगत राख्ने:

कैदी वा थुनुवाहरु भागेमा त्यस्ताको व्यहोरा सालसालको लगत किताबवाट नक्कल सारी हुलिया र भागेको मितिसमेत खेखी छुट्टै लगतकिताब बनाई राख्नुपर्दछ  र सो बमोजिम पक्राउ नहुञ्जेलसम्म समयसमयमा लेखापढी गरिनहनु पर्दछ ।

परिच्छेद-८

कारागारभित्र मालसामान ल्याउनेलैजाने व्यवस्था र थुनुवा वा कैदी चलान गर्दाको कार्यविधि

४६. आवश्यक मालबस्तुबाहेक अरु ल्याउनलैजान निषेधः

१) कारागारभित्र हातहतियार, विष्फोटक पदार्थ, विषादी चिजवस्तु, कादकपदार्थ सिसा, डोरी काँटा गल इत्यादि र प्रकृति र प्रयोग थाहा नभएको अन्य कुनै मालबस्तु वा मोवाइल वा वाकिटकी, पेपर, कर्डलेस टेलिफोन जस्ता आफूखुसी बाहिर सम्पर्क गर्न सकिने सञ्चारउपकरण लैजान हुदैन ।

२) कारागारभित्रको आवश्यक काम निमित्त उपनियम (१) मा लेखिएको कुनै चिज लैजान पर्दा जेलर वा निजले तोकेको कर्मचारी वा सुरक्षाकर्मीले जाँची अनुमति दिएको व्यक्तिले अनुमतिप्राप्त चिजबिज लैजान सक्तछ र तयसको माल फिर्ता ल्याए नल्याएको वा त्यहाँ प्रयोग भएको भन्ने सन्तोषजनक विवरण प्रस्तुत गनुपर्दछ ।

४७. कैदी वा थुनुवा चलान गर्दा मद्दत माग्नु पर्नेः

१)  एक कारागारबाट अर्को कारागारमा कैदी वा थुनुवा चलान गर्दा मद्दथ निमित्त चाहिने सबै कुरा सम्बन्धित अडडाबाट निकासा लिई सुरक्षितसाथ